# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ४३ | २०७६ वैशाख १६ गते सोमबार | Monday, Apr 29, 2019 | पृष्ठ ८ | मूल्य रु. १०/-


## श्रद्धाञ्जली सभामा क.कृष्णदासको योगदानको चर्चा



काठमाडौं । कृष्णदास फाउन्डेसनले चैत्र ३ गते प्रज्ञाभवन, काठमाडौंमा गरिएको कृष्णदास श्रेष्ठको श्रद्धाञ्जली सभामा वक्ताहरूले ... बाँकी ४ पेजमा

# माफियाको निशाना : बालुवाटारपछि सिंहदरबार



वर्गदृष्टि सम्वाददाता । देशकै कार्यकारी प्रधानमन्त्रीको निवास रहेको बालुवाटारको सरकारी जग्गा सरकारकै मिलेमतोमा हडप्ने र नामसारी गर्ने सिलसिलामा सत्ताधारी नेकपाका पार्टी महासचिव विष्णु पौडेलसमेतको संलग्नता सप्रमाण फेला परेपछि माफियाको ग्र्याण्ड डिजाइन सतहमा आएको छ। प्रधानमन्त्री, मन्त्री तथा सरकारी नेकपाका नेताहरूको आफन्तहरू तथा नेता र नजिकका कार्यकर्ता माफियाको सञ्जालमा संलग्न रहेका छन् ।

यो माफिया सञ्जालको सबिस्तार पोल खुल्ने क्रममा बालुवाटारको प्रधानमन्त्री निवास नै व्यक्तिको नाममा रहेको रहस्योद्घाटन हुन पुगेको छ । हाललाई बालुवाटार बेचिएको कुरा निकै गुचूप राखी निरन्तर अघि बढाइएका माफियाका कर्तुतहरू देशकै राजधानी सहरमा रहेको एक मात्र खुल्ला मञ्च (टुँडीखेल) लाई 'स्वच्छन्द बिकोई बिल्डर्स' लाई ५२ वटा सटर बनाएर भाडामा दिने नाममा निजीकरणको प्रक्रिया सुरु गरिएपछि अझ खुलस्त हुन ... बाँकी ७ पेजमा

## सहिद (खुल्ला) मञ्च खाली गर्न देजमोको अल्टिमेटम

### बैशाखभित्र खाली नगरिए जनकारबाहीद्वारा खाली गराइने चेतावनी



काठमाडौं।नेकपा (क्रान्तिकारी माओवादी)को क्रान्तिकारी संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले सहिद मञ्च कब्जा गरिएकोप्रति कडा विरोध गर्दै सरकार र महानगरपालिकालाई बैशाखभित्र सहिदमञ्च खाली गराउन अल्टिमेटम दिएको छ । सहिद मञ्च जनताले आफ्नो अभिव्यक्ति सार्वजनिक गर्ने ठाउँ भएको भन्दै त्यो मोर्चालाई सह्य नहुने र बैशाखभित्र खाली नगरिए जनता आफैले प्रत्यक्ष कारबाहीद्वारा खाली गराउने चेतावनी दिइएको छ। मोर्चाका अध्यक्ष सीपी गजुरेलले 'सहिद मञ्चलाई मुक्त पारौं !' भन्ने शीर्षकमा शुक्रबार वक्तव्य जारी गर्दै यस्तो ... बाँकी ४ पेजमा

## देजमो ३ नं. प्रदेशले बुझायो नारा जुलुससहित ज्ञापन पत्र



हेटौडा/ देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ३ नं. प्रदेशले भव्य नारा जुलुससहित मुख्यमन्त्रीको कार्यालय हेटौडामा ज्ञापन पत्र बुझाएको छ। मोर्चाका ३ नं. प्रदेशका अध्यक्ष पवनमान ... बाँकी ४ पेजमा

## ४ नं. प्रदेशमा मुख्यमन्त्रीमार्फत् बुझाइयो प्रधानमन्त्रीलाई ज्ञापन पत्र



पोखरा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्रथम ऐतिहासिक राष्ट्रिय सम्मेलन पछि केन्द्रिय समितिको बैठकले निर्णय गरे अनुसार देशका सबै प्रदेशमा मुख्यमन्त्री मार्फत् प्रधानमन्त्रीलाई ज्ञापन-पत्र बुझाउने घोषित कार्यक्रम अनुसार ४ नम्बर प्रदेशले आइतबार प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङमार्फत् प्रधानमन्त्री केपी शर्मा ओलीलाई २३ बुँदे ज्ञापन पत्र ... बाँकी ४ पेजमा

## २ नं. प्रदेशमा पनि बुझाइयो ज्ञापन पत्र

जनकपुर। देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको पूर्वघोषित कार्यक्रमअनुसार आइतबार मोर्चाको २ नं. प्रदेशले पनि मुख्यमन्त्रीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । मोर्चाका २ नं. प्रदेशका अध्यक्ष रामनारायण सिंहको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धी तयार पारिएको २३ बुँदे ज्ञापनपत्र बुझाएको हो । मुख्यमन्त्री बाहिर रहेकोले प्रदेश कार्यालयका सचिवलाई उक्त ज्ञापनपत्र बुझाइएको छ । प्रतिनिधिमण्डलमा मोर्चाका केन्द्रीय सदस्यहरू, प्रदेश सदस्यहरू तथा जिल्लाका अध्यक्ष तथा संयोजकहरूको सहभागिता रहेको थियो । ज्ञापनपत्र बुझाउँदै मोर्चाका अध्यक्ष सिंहले आफ्ना मागहरू अविलम्ब पूरा नगरिए सशक्त संघर्षमा उत्रने चेतावनी दिएका थिए।

## शुल्क वृद्धिका विरोधमा अखिल (क्रान्तिकारी)



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले मण्टेश्वरीदेखि विश्वविद्यालय तहसम्म बढाइएको शुल्क बृद्धिका विरुद्ध संघर्ष सञ्चालन गर्ने भएको छ। उक्त संगठनको बैशाख ९, १० र ११ मा बसेको केन्द्रीय समितिको बैठकले यस्तो निर्णय गरेको हो । बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्न संगठनका ... बाँकी ४ पेजमा

## ४ पार्टी र देजमोद्वारा संयुक्त विरोध प्रदर्शन गरिने



काठमाडौं । केपी शर्मा ओली नेतृत्वको सरकारले देश र जनताका विरुद्ध गरेका गम्भीर राष्ट्रघात र जनघातका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेकपा (ऋषि कट्टेल), नेकपा (माओवादी केन्द्र) बीच संयुक्त संघर्ष गर्ने सहमति भएको छ । आज क्रान्तिकारी माओवादीको पार्टी कार्यालय बुद्धनगरमा भएको संयुक्त छलफलमा यस्तो सहमति भएको जारी संयुक्त वक्तव्यमा जनाइएको छ। वक्तव्यमा उल्लेखित पाँच पार्टीबीच सौहार्द्धपूर्ण छलफलबाट विभिन्न ६-बुँदे सहमति भएको जनाएको छ।

वक्तव्यमा भनिएको छ- "१. जन्मका आधारमा नागरिकता भएका व्यक्तिका सन्तानलाई वंशजको नागरिकता दिनका लागि सत्ता पक्षबाट चालु संसदमा प्रस्तुत संशोधन प्रस्ताव विचाराधीन रहेकै अवस्थामा गृहमन्त्रालयले सर्कुलर जारी गर्दै वंशजको नागरिकता वितरण गरिएकोमा हामी त्यसको भर्त्सना गर्दछौँ र संशोधन प्रस्तावलाई फिर्ता लिई उक्त सर्कुलरका आधारमा वितरण गरिएका नागरिकता रद्द गर्न माग गर्दछौँ ।

२. भारतले तयार पारेको नक्कली नक्सामा नेपालको लिपुलेक, कालापानी, लिम्पियाधुरा भारतमा गाभेर हाम्रो ३७२ वर्ग किलोमिटर जमिन गायब पारिएको छ। उक्त नक्सामाथि ... बाँकी ५ पेजमा

## देशैभर लेनिन जयन्ती र पार्टी स्थापना दिवस कार्यक्रम सम्पन्न



ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) ले लेनिन जयन्ती तथा नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवस ललितपुरको कुपण्डोलमा एक कार्यक्रमको आयोजना गरी भव्य रूपमा मनाएको छ।

कार्यक्रमको सञ्चालन र अध्यक्षता ग्रहण पछि अतिथिहरूको क्रमशः आशन ग्रहणलगत्तै महान् वीर शहीदहरूप्रति ... बाँकी ४ पेजमा

## प्रलेस बहिष्कार र नयाँ मोर्चा निर्माणबारे

*प्रलेसमा के पहिले वैचारिक रूपले एकरूपता थियो त भन्ने प्रश्न पनि उठ्छ । एमाले पार्टीको वैचारिक, सैद्धान्तिक स्खलनपछि सो पार्टी सम्वद्ध लेखकहरू पनि संसोधनवादी बाटो पकडेको र लेखनकर्म पनि जबजबाट माथि नउठेको पक्कै हो । उनीहरूले साहित्य लेखनमा आलोचनात्मक यथार्थवाद र केही शीर्षतहका लेखकहरूले समाजवादी यथार्थवादलाई प्रस्थानविन्दू बनाएता पनि व्यवहारतः उनीहरूले राजनीतिक रूपमा यथास्थितिवादको पक्षपोषण गर्न पुगेका छन्*



● हिरामणि दुःखी ●

भर्खरै प्रलेसको एघारौं राष्ट्रिय सम्मेलन सकिएको छ। सो सङ्गठनबाट प्रगतिवादी धाराको मुख्य हिस्सा र सो सम्वद्ध केही स्वतन्त्र लेखकहरूको एउटा हिस्सा अलग्गिएको छ। अहिले उक्त प्रलेसमा सरकारी कम्युनिस्ट पार्टी सम्वद्ध केही लेखक साहित्यकार, केही सङ्गठनात्मक कार्यकर्ता (अलेखक) हरू र सरकारी पक्षको पेरिफेरिमा फन्को मारेको कम्युनिस्ट घटकको मात्र संलग्नता छ । यसरी हेर्दा सारतत्वमा पहिले नै खतम भैसकेको भएता पनि रूपमा अहिले उक्त प्रलेसको साझा मोर्चाको लिगेसी समाप्त भएको छ । अब उक्त सङ्गठन सरकारी कम्युनिस्ट पार्टीको सांस्कृतिक मोर्चाका रूपमा रूपान्तरित भएर उसको भातृ सङ्गठन जस्तो हुन पुगेको छ । जसरी नेपाल राष्ट्रिय शिक्षक सङ्गठन एमालेको भातृ सङ्गठनका रूपमा बदलिएको थियो।

जहाँसम्म मसाल सम्वद्ध साहित्यिक लेखक, अलेखकहरूको समेत संलग्नताको कुरो छ, उक्त पार्टीको सांस्कृतिक सङ्गठनका रूपमा रहेको रक्तिम परिवार अहिले भत्किएको र पार्टीको नजिकको मित्र शक्ति पनि (व्यवहारतः) सरकारी कम्युनिस्ट पार्टी नै भएकाले प्रलेसलाई मसालको पनि सांस्कृतिक सङ्गठन मान्दा उपयुक्त नै देखिन्छ । जे होस् अब प्रलेस साझा मोर्चा रहेन र अब रहने सम्भावना पनि छैन । किनकि प्रलेसको चौथो राष्ट्रिय सम्मेलन बहिष्कार गरेजस्तो अहिलेको बहिष्कार होइन। यो बहिष्कार वैचारिक रूपले नै मतभेद हुन पुगेपछि भएको हो । प्रलेसको स्थापनाकालको विधानअनुसार लेखकीय मोर्चाबाट सङ्घर्ष गर्न नसक्ने र नगर्ने अवस्थामा पुगेपछि वैचारिक रूपले नै प्रलेसको औचित्य समाप्त भएको भन्दै बहिष्कार गरिएको हो।

यसो भन्दा प्रलेसमा के पहिले वैचारिक रूपले एकरूपता थियो त भन्ने प्रश्न पनि उठ्छ। एमाले पार्टीको वैचारिक, सैद्धान्तिक स्खलनपछि सो पार्टी ... बाँकी ७ पेजमा

## सम्पादकीय

# माफियाविरुद्ध जनता जागरुक हुन जरुरी

'नेकपा' को नाममा गठित वर्तमान केपी ओलीको सरकार आफैमा देशविदेशका नामुद माफिया निर्मित सरकार हो। नेपाललाई सुन तस्करी, युवा तस्करी, लागू पदार्थको तस्करी, विश्व व्यापारमा तस्करीको ट्रान्जिट प्वाइन्टका रूपमा विकास गर्नका ओली र दाहाल जस्त भ्रष्ट र नैतिकहराम मानिसहरू अति आवश्यक थिए। विदेशी साम्राज्यवादी माफिया र तस्करहरूका एक ट्रान्जिट प्वाइन्ट अति नै आवश्यक थियो। त्यसका लागि उनीहरूले नेपाल नै उपयुक्त हुने निष्कर्षमा पुगे र ओली दाहालको नेतृत्वको गठबन्धन रातारात बनाइदिए। डलर र आइसी नोटहरूको खोलो नै बगाइदिए। नेपालमा र नेपालीहमा रहेको वामपन्थीप्रतिको जनआकर्षण 'क्यास' गरे।

नेपाली जनताहरू पनि नेपाली कांग्रेसलगायतका दक्षिणपन्थी पार्टीहरू सत्तामा आउनु भन्दा वामपन्थीहरू आएमा देश र जनताको भलो हुने कुरामा बढी विश्वस्त रहे। यो जनताको भानात्मक लगाव र आकांक्षा पनि थियो। तर कथित वामपन्थीको नाममा विश्वका दलाल तथा माफियाहरूले के गर्न थालेका र के गरिरहेका छन् भन्ने कुरा उनीहरूको हेक्कामा आएन। उनीहरू हो न हो कम्युनिष्टको सरकार बन्ने र यो सरकारले देश र जनतालाई सुख दिने कुराको परिकल्पना मात्र गरे। विदेशी माफिया, दलाल तथा तस्करहरू कसरी खेल्न थालिरहेका छन्, त्यो उनीहरूको समझमा आएन। एक प्रकारको अन्धविश्वास उनीहरूमा आयो र छायो पनि।

तात्कालीन नेकपा माओवादीका पुष्पकमल दाहाल पंक्ति शान्ति प्रक्रियामा आउनासाथ नै ठेक्कापट्टा, दलाली र तस्करीको काममा लिप्त हुँदै गएको थियो। रातारात अर्बपति हुने, काठमाडौंमा घरजग्गा जोड्ने, विदेशमा मानिस पठाउने, बिचौलियाको काम गर्ने, डोजर र स्क्याभ्याटर किनेर गाउँगाउँमा पस्ने आदि गरिरहेका थिए। स्थानीय  जनतालाई विदेश पठाउने नाममा रकम ठगी गर्ने, जंगल फडानी गर्ने र यार्सागुम्बा संकलन ठेक्का तथा रक्तचन्दनको व्यापारमा दाहालहरूद्वारा परिचालित गरिएका थिए। अबको बाटो भनेको तस्करी र बिचौलिया भन्दा अरु केही पनि नभएको भन्दै व्यवहारमा युद्ध लडेर आएका युवाहरूको तात्कालीन राज्यसत्तासँग मिलेर निकै शोषण र दोहन गरे।


अर्कोतिर, तात्कालीन नेकपा एमालेले आफ्ना कार्यकर्ताहरू स्वरोजगारी, आत्मनिर्भर, उत्पादन आदिसँग नजोडेर सरकारी कामकाजमा करार नियुक्ति गरेर धान्दै आइरहेको थियो। उसका देशभरका अधिकांश कार्यकर्ताहरू अमेरिकी, युरोपीय र संयुक्त राष्ट्र संघीय आईएन जीओ र एनजीओमा जागीर खाएर पालिएका थिए। एमालेका नेता तथा कार्यकर्ताहरूको भरणपोषणको मुख्य स्रोत नै यी आईएनजीओ र एनजीओहरू थिए र छन् पनि। एमालेका नेताहरूको क्रिश्चियनकरण यसको समुच्चय र संश्लेषित अभिव्यक्ति हो। यसैकारणले पनि नेपालमा यिनै नवदलाल तथा नव तस्कर र विचौलियाहरूको सरकार निर्माण गरिदिए एकातिर वाम सरकार पनि भन्न पाइने र नेपाली जनतामा भ्रम पनि छर्न पाइने, र अर्कोतिर निसन्देह, आरामसँग, दलालहरू परिचालन गरी अन्तर ाष्ट्रिय तस्करीका कामहरू तमाम गर्न पाइने उद्देश्यले विदशी माफियाहरूले नेपालमा ओलीको नेतृत्वमा कम्युनिष्ट नामधारी सरकार  गठन गरिदिए।

अहिले यो दुईतिहाईको जनमत प्राप्त गरेको दम्भमा निकै फूर्तिफार्ति गरिरहेको छ। यसले तस्कर, माफिया, दलाल, विचौलिया र ठेकेदारहरूको अधिनायकत्व चलाइरहेको छ। यसैका कारण अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलबाट सुन लगायतका तस्करीका कामहरू खुल्लममुल्ला भइरहेका छन्। सरकारी, धार्मिक, सार्वजनिक तथा कतिपय त व्यक्तिका जग्गाहरू रातारात बिक्रिबितरण भइरहेका छन्। सिंगो सरकार र कर्मचारीको दलाल हिस्सा यसमा निर्लिप्त भएर लागि परिरहेको छ। सरकारी नेताहरूले बालुवाटार, सिंहदरवार, खुला मञ्च, पुरानो बसपार्क तथा पूर्व राजा र राणाहरूका दरवार तथा जमीनहरू राष्ट्रियकरण गरी राज्यको ढुकुटीमा राख्नुको साटो आआफ्नो नाममा दर्ताश्रेस्ता कायम गराउन रातदिन मरेर लागि परिरहेका छन्। भूमाफियाहरूको निकै बिगबिगी बढेको दूरवर्ती ग्रामीण इलाकाहरूमा पनि। त्यहाँ पनि पुरातात्विक संपदाको बेचबिखन, नामसारी र चोरी भइरहेको छ। जंगल फँडानीले निकै तिब्रता पाएको छ। रातमा काठ, ढुंगामाटो, बालुवा र गिट्टीको तस्करी हुने गरिरहेको छ।

नेपालको सरकारको नाममा ओलीको माफिया सरकार युवाहरूलाई बेच्न अरु धेरै देशहरूसँग एमूओयु गरी श्रम सहमति गर्न हातमा कलम र कागज समाएर विभिन्न देशका दुतावासहरूमा चाहारिरहेको छ। जनताका छोराछोरीहरू विदेशमा बेचिनका लागि श्रम विभागमा रातदिन लाइन लागिरहेका छन्। हत्या र बलात्कार देशव्यापी बढिरहेको छ। जनता निकै असुरक्षित छन्। पछिल्लो चरणमा अमेरिकी राजनीतिक हस्तक्षेप तथा दादागिरी निकै बढिरहेकाले नेपालमा पनि आतंकवादी हमलाहरू हुन सक्ने भनी नियोजित रूपमा निकै ठूलो हल्लाखल्ला मच्चाउन लगाइएको छ। पछिल्लो पटक श्रीलंकामा भए/गरिएका श्रृंखलाबद्ध बमबिष्फोटको त्रास नेपालमा पनि योजनाबद्ध रूपमा फैलाइँदै छ। यी सबैका पछाडि माफिया ओली सरकारको केही न केही योजना वा स्वार्थ जोडिएको छ। किनकि, यस्ता संवेदनशील विषयहरूमा सरकारी धारणा सार्वजनिक नै गरिएको छैन।

अब ओलीदाहालको माफिया सरकारविरुद्ध सबै नेपाली जनता उठिबस्नु जरुरी भइसकेको छ।

**परिवर्तनको सम्वाहक**




**सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्नें र पढ्ने गरौं।**

www.moolbato.com

# पहिचानका आधारमा प्रदेशको नामाकरण गर

नेपालको राजनीतिक इतिहासमा नेपाली जनताले ठुल्ठुला त्याग र बलिदान गरेका छन्। त्यसको परिणामस्वरूप राणा शासन, निरंकुश पंचायती व्यवस्था र राजतन्त्रको अन्त्य भई संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा मात्रात्मक परिवर्तन पनि भएका छन्। तर राष्ट्र र जनताका पक्षमा नेपाली समाजको आमूल परिवर्तन भने हुन सकेको भने छैन। यसको परिणाम राष्ट्रघात, जनघात, भ्रष्टाचार एंव नातावाद र कृपावाद जस्ता देश र जनविरोधी क्रियाकलापहरूले नै निरन्तरता पाउँदै गएको छ। आज दुईतिहाईको सरकार हुँदा पनि देश अझै अल्पविकसित र पछौटे अवस्थाबाट गुज्रिरहेको छ भने आम जनसमुदायले शोषण, दमन र उत्पीडनको मार खेप्नु परिरहेको छ। देशमा विचौलिया, माफिया, दलाल, तस्कर र भ्रष्टाचारीहरूको जगजगी छ। राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण नेपालको नियति जस्तो बन्न पुगेको छ।

देशमा आमूलपरिवर्तन गरी आर्थिक सम्बृद्धिमा योगदान पुऱ्याउनु पर्ने युवा शक्ति आफ्नो हातमुख जोर्नकै लागि हरेक दिन सयौँको संख्यामा विदेशिन बाध्य भएका छन्। राज्यका सबै अंगहरू एंव् संयन्त्रहरूमा भ्रष्टाचार मौलाइरहेको छ। जसका कारण नेपाल विश्वका अति भ्रष्ट मुलुकहरू मध्येमा दर्ज हुन पुगेको छ। देशको समग्र राजस्व संकलनबाट राज्य संचालनका लागि आवश्यक पर्ने साधारण खर्च समेत धान्न नसक्ने अवस्थामा छ। विकास तर्फभन्दा साधारण तर्फ बढी खर्च भइरहेको छ भने विकास आयोजना संचालनका लागि वैदेशिक ऋण र अनुदानमा भर पर्नुपर्ने अवस्था रहेको छ।

स्वास्थ्य र शिक्षा जस्ता जनसरोकारका क्षेत्रमा माफियाकरण, भ्रष्टाचार र व्यापारिकरण भएको छ। सामान्य नेपाली जनता आधार भूत औषधोपचारबाट समेत बञ्चित हुने अवस्था विद्यमान रहेको छ। आज भ्रष्टाचार संस्थागत भएको छ र भ्रष्टाचार अबौंमा भइरहेको छ। उर्जाको मुख्य आधारको रूपमा रहेका जलसम्पदा एकपछि अर्को गर्दै विदेशीको कब्जामा पुऱ्याउने काम भएको छ। नागरिकता विधेयक र गृहमन्त्रालयले नागरिकताबारे जारी गरेको निर्देशनले गैर नेपालीलाई नेपाली नागरिकता लिन सहज बनाएको छ।

देशलाई यस्तो अवस्थाबाट मुक्त गरी अग्रगामी दिशामा अघि बढाउनको निम्ति देशमा संघीय जनगणतन्त्र आवश्यक र अपरिहार्य रहेको छ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय टोलीले २५ फागुण, ०७४ मा सम्माननीय प्रधानमन्त्री ज्यूलाई ९४ बुँदे ज्ञापनपत्र बुझाएको थियो। उक्त ज्ञापन पत्र बुझने क्रममा प्रधानमन्त्री ज्यूले उक्त ज्ञापनपत्र सरकारका लागि मार्गनिर्देशन हुने र दोस्रो पटक ज्ञापन पत्र बुझाउन देजमोले दुःख गर्नु नपर्ने प्रतिबद्धता जनाउनु भएको थियो। तर उक्त ज्ञापन पत्रमा उल्लेखित माग हालसम्म पुरा नभएको वा कार्यान्वयनमा नगएको मात्र होइन, झन् देशमा विकराल समस्याहरू थपिदै गएका छन्। त्यसैले विगतका मागहरूको स्मरण गराउँदै समसामयिक मागहरूसहित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ३ नं. प्रदेशका तर्फबाट माननीय प्रदेश सरकार प्रमुख मार्फत सम्माननीय प्रधानमन्त्री ज्यूलाई हामी यो ज्ञापन पत्र तत्काल कार्यान्वयनका लागि पेश गर्न चाहन्छौँ। हामी यो कुराको पनि हार्दिकतापूर्वक अवगत गराउन चाहन्छौँ कि यी माग पुरा गर्न सरकार तत्पर नभएको अवस्थामा हाम्रो अगाडि संघर्ष बाहेक अर्को विकल्प रहने छैन।

हाम्रा मागहरू यस प्रकारका रहेका छन्ः

१. भारतद्वारा प्रकाशित नेपालको गलत नक्शा आज नेपालभित्र सर्वत्र प्रयोग गरिएको अवस्था छ। उक्त नक्शामा नेपालको कालापानी, लिपुलेक, कुतीयाङदी, लिम्पीयाधुरालाई भारतमा पारी नेपालको नक्शाबाट हटाइएको छ। नेपालको नक्शाबाट भारतले हटाएको नेपाली भूभागको क्षेत्रफल ३७२ वर्ग कि.मी. छ, जुन भक्तपुर जिल्लाको क्षेत्रफलको दुई गुणाभन्दा बढी रहेको छ। त्यसैले भारतबाट प्रकाशित उक्त नक्शालाई अविलम्ब प्रतिबन्ध लगाई लिम्पियाधुरासहितको नेपालको वास्तविक नक्शा नेपाल सरकारद्वारा आफै प्रकाशित गरी देशैभरी प्रयोगमा ल्याइयोस्। देशैभरी प्रयोग भइरहेका गलत नक्शा तुरुन्त जफत गरी नष्ट गरियोस्।

२. संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तह, जिल्ला, प्रदेश र नेपालको नक्सा प्रकाशित गर्दा नेपालको कुल क्षेत्रफल १,४७, १८१ वर्ग कि.मी. हुनु पर्नेमा १०,०१९ वर्ग कि. मी. कम देखाएर प्रकाशित गरेको छ। त्यसैले उक्त नक्शा तत्काल खारेज गरी सही नक्सा प्रकाशित गरियोस्।

३. नेपालको निशान छापमा प्रयोग गरिएको भारतद्वारा प्रकाशित नेपालको गलत नक्शा हटाएर वास्तविक नक्शा प्रयोग गरी अविलम्ब नयाँ निशान छाप बनाइ प्रयोगमा ल्याइयोस्।

४. कालापानी लगायत नेपाली भूभागमा रहेका भारतीय सेनालाई अविलम्ब नेपाली भूमिबाट फिर्ता पठाइयोस्।

५. सुस्ता र महेशपुर लगायत भारतद्वारा ७१ स्थानमा मिचिएका नेपाली भूमि फिर्ता गरी नेपालको सीमा संरक्षण गरियोस्।

६. नेपालको संविधान ०७२ मा नेपालको वास्तविक नक्शा र क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी तुरुन्त समावेश गरियोस्।

७. नागरिकता ऐन संसदमा विचाराधीन अवस्थामा रहेको वेला गृहमन्त्रालयका तर्फबाट अङ्गीकृत र जन्मसिद्ध नागरिकका सन्तानलाई बंसजका आधारमा नागरिकता प्रदान गर्ने परिपत्र तत्काल खारेज गरियोस्। नागरिकता ऐन ०६३ लाई संशोधन गर्न ल्याइएको राष्ट्रघाती नागरिकता विधेयक खारेज गरियोस्।

८. भारतीय नागरिकहरूलाई नेपालमा काम गर्न वर्क परमिटको व्यवस्था गरियोस्।

९. ३ नं. प्रदेश लगायत सातै प्रदेशको नाम उत्पीडित आदिवासी र समुदायको पहिचानका आधारमा नामाङ्कन गरियोस्। प्रदेशको राजधानी प्रदेशका जनतालाई पायक पर्ने स्थानमा राखियोस्।

१०. वारा र पर्सामा हावा हुण्डरीले पीडितहरूका लागि राहत र आवासको तुरुन्त व्यवस्था गरियोस्। विभिन्न प्राकृतिक प्रकोपद्वारा पीडित जनतालाई पनि राहत र पुर्नवासको व्यवस्था गरियोस्।

११. निर्मला पन्तका बलात्कारी तथा हत्यारालाई तुरुन्त सख्त कार्वाही गरियोस्। महिलालाई सामाजिक सुरक्षाको ग्यारेण्टी गरियोस्। महिलालाई विशेषाधिकार र पैतृक सम्पतिमाथि समान हकको व्यवस्था गरी व्यवहारमा लागू गरियोस्।

१२. विभिन्न निकाय तथा त ह ह रू ले ... *बाँकी ७ पेजमा*

**झर्रोटर्रो** kailubraha73@gmail.com कैलुब्राह

# पुँजीवादको विकास

नेपालमा पुँजीवादको विकास भा' छ। किन भा'छैन ? एकदम जब्बर रूपले पुँजीवादको विकास भा'छ। केही केही मनुवाले नेपालमा पुँजीवादको विकास भा'छैन भनेर भन्चन्। त्यो विल्कुल वाइह्यात कुरो हो। एकथरी कम्निसहर्ले पुँजीवादको विकास भा'छैन, सामन्तवादका हाडखोर अझै ज्युँदै छन् भनेर करान्ती गर्न पर्च भनेर लागेकै छन्। करान्ती पूरा भा'छैन भन्चन्। यता दुइटा अजङ्गका साँढे कम्निस मिलेर यौटै डाइनोसर कम्निस पाटी भा'छन्। त्यै डाइनोसर कम्निस पाटीले दुईत्याईको सरखार चला'को छ। उसले पुँजीवाद आयो अब समाजवादका लागि अगाडि बढ्न पर्च भनेको छ। यसरी एकाथरी कम्निसले पुँजीवाद त आएकै छैन बरु सामन्तवादका हाडखोर बाँकी रहेकाले तिनले टाउको उठाउन खोज्दैछन् भनेर भनेका छन्। जन्ता जनार्दन्लाई परेको छ औठेरो। पुँजीवाद आएको कुरो पत्याउनु कि आ'छैन भन्ने कुरो पत्याउनु।

यो पुँजीवाद, सामन्तवाद, समाजवाद आदि केके जाति वादैवादको व्याख्या कम्निसहर्ले गर्चन्। कुनै कम्निसले सत्ता चलाएर डकार्दै बसेका छन्। अर्काथिरी कम्निस सडकमा हिँडेका छन्। कुनै कुनै नेता मात्रै भएका कम्निसहर्ले के गर्नी कसो गर्नी भनेर भौँतारिएका छन्। पुराना सिंह कम्निसले आफ्नी परम प्रिय प्यारीलाई मन्तरी बनाउन बाल्वाटार र खुमल्टारको दैलो चाहार्न ठिक्कै छ। एकथरी कम्निसलाई सरकारी डाइनोसरले खर्लप्पै निलेर सिध्याउने भन्दै पर्तिबन्ध लाएर लखेटेको छ। यस्तो छ नेपालमा कम्निसहर्को चालामाला।

ऐलेको नेपाल मण्डलको विकासे अवस्था हेर्दा यो कैलुब्राह पनि पुँजीवाद त आएकै हो भन्ने कुरोमा सहमत भएको छ। सरखारी डाइनोसर कम्निसले भनेको कुरोमा कन्भिन्स भएको छ। अव शास्तरमा लेखेको कम्निस सिद्धान्तको रटना लाउने पक्षमा छैन। पुँजीवाद, समाजवाद, सामन्तवाद, साम्राज्यवाद, विस्तारवाद आदि इत्यादि अनेकौँ जातिका पुराना वाद समाएर सडक गल्लीमा भौँतारिने पक्षमा छैन। अब मार्कसवाद लेनिनवाद र माउवादको फेरो समाउने जमाना गयो। एक्काइसौँ शताब्दीमा यी वाद पनि नयाँ नयाँ भएर आउँचन्। समयले पर्किती बदल्च, मनुखेलाई वदल्च भने जावो वादलाई नवदल्ने भन्ने कुरै हुँदैन। हाम्लाई टाइम टाइममा सरखार वदल्न, नीति नियम बनाउन, सरखारी निर्णय गर्न, नियाँ निसाफ चलाउन, सम्बिधान बनाउन र राजनीति गर्न समेत सिकाउने हाम्रा दातामाता, प्रभुहर्लाई हाम्ले साम्राज्यवाद, विस्तारवाद भनेर शत्रु बनाउन पनि त भएन नि। अब ती सबै हटिसक्यो। अब त पुँजीवाद आयो पुँजीवाद। अब सिधै समाजवादमा जाने कुरो पो छ त गाँठे।

पुँजीवादमा पुँजीको विकास हुन्च। धनपैसो पर्सस्तै हुनु भनेको पुँजीवाद आएको पर्मान हो। आर्को कुरो पुँजीवादमा उद्योगधन्दा, बन्दब्यापारको निकै विकास हुन्च। आफूसित भएको जिनिस विक्री गर्नी र आफूलाई चाइएको जिनिस खरिद गर्नी भनेको पुँजीवाद हो। पुँजीवादमा नीजि पुँजीको विकास हुन्च। नीजि पुँजी पर्सस्तै भएकाले चुनाऊमा लाखौँ करोडौ खर्च गर्न सक्ने हैसियत भएको छ। यो पाला वडादेखि केन्द्रको सांसदसम्म चुनाउमा उठेर जितेका जति सबैले लाख करोड खर्च गरेर जितेका छन्। पाटीलाई सहयोग गरेका समानुपातिकमा परेकाहर्ले पनि पाटीबाट टिकेस पाउन पाटीलाई लाखौ भेटी भढाएका छन्। पुँजीवादको विकास नभा'को भे यो खर्च कसरी सम्भव हुन्थ्यो ? नेताहरू सानोतिनो रुघाखोकी लागे पनि उपचार गर्न विदेश जानचन्। यो पुँजीको विकास भएरै हो।

उद्योगधन्दा पनि धेरै विकास भएकोछ। नीजि अस्पतालहरू धमाधम विकास भैरहेका छन्। त्यस्तै नीजि स्कुलहरू पनि खुलेका खुल्यै छन्। सरकारी स्कुल र अस्पतालहरू दुब्लाउँदै गएर सुकेनास रोगले ग्रस्त भएका छन्। पुँजीवादमा राष्ट्रिय पुँजीपतिहर्लाई उद्योग व्यापार खोल्ने पर्सस्त अधिार हुन्च। सरकारले त्यसको ग्यारेण्टी गर्च। स्कुल अस्पताल खोल्ने जति सबै राष्ट्रिय पुँजीपति त हुन्। त्यस्तै अहिले नेपाल मण्डलमा सबै भन्दा बढि फस्टाएको ब्यापार भनेको मनुखेका टाउका र फखुराहर्को हो। म्यानपाओर कम्पनी कति धेरै छन्। अरू देशले मनुखेलाई आवश्यक पर्ने जिनिसका उद्योग खोल्चन्। नेपाल मण्डलमा त मनुखे नै धेरै उत्पादन भएकाले मनुखेकै ब्यापार हुन्च। अर्को ब्यापार भनेको घरघडेरी र जग्गा जमीनको कारोबार हो। यसको ब्यापार पनि उद्येगकै रूपमा भएको छ। सरखारी जग्गा समेत नीजि बनाएर बिक्रीबट्टो गर्ने काम कम्ता ठूलो विकास हो ? यसमा हाम्रा मालपोत, नापी, भुमीसुधारका कर्मचारहर्को कत्रो योगदान छ। संसारमा यस्तो अन्त कहीँ पनि भा'छैन। यसलाई बहुराष्टिङ्य कम्पनीमा लगेर हाम्रा जग्गा जमीनका कारोबारीहरू र कर्मचारीहरूलाई संसार भरी फैलाउने हो भने यो उद्योग संसारमै ठूलो हुन्च। हामीले मालपोत, नापी र भूमिसुधारका कर्मचारीहरूलाई संसारभरी पठाउन सक्चौँ।


उद्योग ब्यापार गर्नी मानुखे नपाएर ऐले हाम्रा पालिकाका प्रमुखहरू वाडाधिसहरूले समेत डोजर किनेर लाइसन बनाएर ठोक्का पट्टा लिएर धमाधम देशको विकास गरिरहेका छन्। विदेशबाट आएको रेमिट्यान्सको पैसाले घर घडेरी किनेर धमाधम पक्की घर निर्माण भैरहेका छन्। जताततै ढलानवाल घरहरू बनिरहेका छन्। सामन्तवादमा बनकस र खरले छाएका, ढुङ्गा माटोले बनेका दुइपाखे घर हुन्थे।ऐले गाउँ सहर बजार जताततै सिमेन्टीले बनेका ढलान घरको विकास भा'छ। यही त हो पुँजीवादको विकास।

पुँजवादको आर्को विशेष्ता भनेको काण्डहरूको विकास पनि हो। ऐले काण्डै काण्डका महाकाण्डहरूको विकास भएको छ। सिण्डिकेट काण्ड, भारु नोट काण्ड, ठेकेदार काण्ड, निर्मला काण्ड, रेशम चौधरी काण्ड, वाइडबडी काण्ड, सिके राउत काण्ड, प्रतिबन्ध काण्ड, नेपाली नक्सा काण्ड, बाल्वाटार काण्ड, खुलामञ्च काण्ड आदि इत्यादि काण्डै काण्डको विकाु भएको छ। यो पनि नेपाल मण्डलको मौलिक विकास हो। यी सबै कुराहर्ले गर्दा नेपाल मण्डलमा पुँजीवाद त आएकै हो। अब सिधै समाजवादमा जाने कुरो छ।

*१५ बैशाख २०७६*

**कम्युनिष्ट पार्टी इतिहासको चिनियाँ संश्लेषण**

# ‘एकता, संघर्ष र फुटपछि नयाँ आधारमा नयाँ एकता’



**क. किरण**

आज पार्टी स्थापना दिवस । आजैका दिन अर्थात् अप्रिल २२, अर्थात् २००६ साल बैशाख १० गते भारतको कलकत्तामा नेपाल कम्युनिष्ट पार्टी स्थापना गरिएको थियो । नेपाल कम्युनिष्ट पार्टीको स्थापनाको विषयलाई लिएर केही विवाद पनि हुने गरेका छन् । यसबारेमा केही स्पष्ट हुन जरुरी पनि छ।

स्थापना दिवसका बारेमा कतिपयले २२ अप्रिल त कतिपयले १५ सेप्टेबरलाई मनाउने गरेको देखिन्छ। यो झट्ट हेर्दा त्यति ठूलो बिबाद त होइन, तर नेपाली कम्युनिष्टहरूकै बीचमा आफ्नै पार्टीको स्थापना दिवसलाई लिएर विवाद नै खडा हुनु राम्रो कुरा मान्न सकिदैन।

नेपाली बिक्रम सम्बतअनुसार कम्युनिष्ट पार्टीको पहिलो पर्चा निस्किएको छ बैसाखको दोस्रो हप्तामा। बैसाखको दोस्रो हप्ता २२ अप्रिल भन्दा पछाडि नै आउँछ। पार्टीको स्थापना नै नभएपछि पहिलो पर्चा कसरी निस्कन्छ, त्यो पनि पार्टीको नाममा। पहिलो पर्चा निस्कनु नै पार्टी स्थापना २२ अप्रिलमा भएको हो भन्ने पहिलो प्रमाण र आधार हो । यसले आशंकाको निवारण गरिदिएको छ।

१५ सेप्टेम्बरमा कम्युनिष्ट पार्टीको घोषणा पत्र निकालियो र तात्कालीन राजनीतिक ब्युरो तथा केन्द्रीय समितिको बैठक बोलाइयो । १५ सेप्टेम्बरको ऐतिहासिक महत्व यसैमा रहेको छ । पार्टी स्थापना भने २२ अप्रिलमा नै हो।

नेपाली कम्युनिष्ट आन्दोलन २००६ सालबाट सुरु भएर अहिलेसम्मआउँदा नेपाल कम्युनिष्ट पार्टीले ७० वर्षको उमेर पार गरिसकेको छ। यो उमेर एक सामान्य मानिसको जीवनभरको समय हो । तर जनवाद, समाजवाद र साम्यवाद स्थापना गर्ने लक्ष्य बोकेको एउटा कम्युनिष्ट पार्टीका लागि यो ७० वर्षको समय सुरुआतिकै समय हो। पार्टीको जीवनमा यो थोरै समय हो।

यो समयसम्म हाम्रो नेपाल कम्युनिष्ट पार्टीले के के गर्‍यो त ? भनेको, चिताएको र सोचेको जति त पुगेको छैन, तर यति छाटो अबधिमा यसले केही राम्राराम्रा कामहरू पनि गरेको छ। यस अबधिमा पार्टी निकै उतारचढावको प्रक्रियाबाट गुज्रदै अघि बढिरहेको छ।

विश्वका कम्युनिष्ट पार्टीहरू जस्तै यसको प्रक्रिया पनि उस्तउस्तै रहन गएको छ । यो आत्मगत र वस्तुगत दुवै कारणले हने गर्दछ । चिनियाँ कम्युनिष्ट पार्टीले आफ्नो इतिहासको निकै वस्तुवादी मूल्यांकन गरेर यसको इतिहासलाई एकता-संघर्ष-रूपान्तरण मात्र नभई एकता-संघर्ष-फुटको उतारचढावको संश्लेषणसहित एकता-संघर्ष-फुट र नयाँ आधारमा नयाँ एकता भनेर संश्लेषण गरेको छ।

चिनियाँ कम्युनिष्ट पार्टीले गरेको महत्वपूर्ण संश्लेषण भनेको पार्टीका फुट हुन सक्छ, तर गल्ती र कमी कमजोरीको समीक्षा गर्दै फेरि क्रान्तिकारीहरू नयाँ आधारमा नयाँ एकता आउने गर्दछन् । कम्युनिष्ट अन्तर्राष्ट्रियतामा पनि यही हुँदै आएको छ र यही नै लागू भएको छ।

हामी नेपाली र हाम्रो नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास पनि यो कुराबाट अछुतो रहन सकेन र सक्दैन पनि । नेपालको पनि र विश्वका पनि पार्टीको जीवन्तता यसैमा देखिन्छ।

नेपाली कम्युनिष्ट पार्टीको इतिहासलाई सर्सर्ती केलाएर हेर्ने हो भने २००६ साल देखि २०१० सालसम्म महासचिव पुष्पलालको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी शानदार रूपमा अघि बढेको पाइन्छ। यो अबधि पार्टी स्थापनादेखि पहिलो अधिवेशनसम्मको अवधि हो। २०१० सालपछि वा पहिलो अधिवेशन पछि नेपाल कम्युनिष्ट पार्टीको इतिहासमा टुटफुट, विभाजन र अवसरवादको घुसपैठ सुरु हुन्छ । बिसं. २०१० देखि २०१९ सालसम्म वा तेस्रो महाधिवेशनसम्मको याो अवधि उतारचढावको अवधि रहेको छ।

के हो संशोधनवाद भनेको ? नयाँ जनवाद र संशोधनवाद एकै ठाउँमा रहन पुगे । अन्तरसंघर्ष चर्कन पुग्यो । पार्टी अन्तर संघर्षमा पुष्पलाल फेरि अघि सर्नुभयो । २०३१ सालसम्म पार्टी राम्रो गरी चल्यो । यसबेलाका उपलब्धीका रूपमा हामीले अध्ययन गर्ने भनेको २०२५ को राष्ट्रिय सम्मेलन, २०२८ सालको झापा बिद्रोह र २०३१ सालको चौथो महाधिवेशन नै हुन् ।

यति बेला सापेक्षतामा क्रान्तिकारी र परिवर्तनकारी धारा अघि बढेको थियो। यसको सिधा अर्थ थियो कि पार्टीभित्र क्रान्तिकारी धारा यति बेलाको समयमा हाबी थियो र विजयी धाराको रूपमा अघि बढिरहेको थियो। मोहनविक्रम सिंह लगायतका नेतृत्व हामी त्यही थियौं।

त्यसपछि नेताहरूका व्यक्तिगत सनकहरूले पनि काम गरेका छन्। पार्टीमा छलफल, बहस, र विचार संश्लेषणभन्दा पनि टुटफुटहरू आएका छन् । नेताहरूका कारणले विचार गौण भए झैं हुने अवस्था यतिबेला रहन गयो।

टुटफुटको अवस्था २०४६ सालपछि क्रमशः एकतामा रूपान्तरित हुन थाल्यो । मालेहुँदै एमालेमा मिसिएर संशोधनवादी धारा बन्न पुग्यो। अर्कोतिर चौथो महाधिवेशन तथा पुष्पलाल अदि मिलेर क्रान्तिकारी धारा निर्माण हुँदै गयो । एकता केन्द्रमा पनि विचारका हिसाबले निकै बहस चल्यो । एकता, संघर्ष रूपान्तरणको सट्टा फेरि फुट भयो । तर फुट पछि पनि बहुमत हिस्सा महान् दीर्घकालीन जनयुद्ध थालनी गरेर अगाडि बढ्यो । २०५२ देखि २०६२, ०६३ को बीचमा क्रान्तिकारीहरू बीच ध्रुबीकरणको प्रक्रिया तिब्र भयो र क्रान्तिकारी धाराले निकै गति लियो। तर २०६२, ०६३ को दोस्रो जनआन्दोलनमा पुग्दा जनयुद्ध भताभुङ्ग भयो र संशोधनवादी तथा संसदवादीहरूसँग सहकार्य अघि बढ्यो, शान्ति प्रक्रियाका नाममा । जनयुद्धको एक कालखण्डमा देश र जनताका पक्षमा राम्रो भूमिका निर्वाह गरेका नेता तथा कार्यकर्ताहरू शान्ति प्रक्रियाको अर्को काल खण्डमा आउँदा बिग्रिएर गए । हालको अवस्थामा प्रतिक्रियावादउन्मुख दक्षिणपंथी संशोधनवादी र नवसंशोधनवादीहरू बहुमत हिस्सामा छन् भने क्रान्तिकारीहरू अल्पमत र सानो हिस्सामा रहेका छन्।

देशको यस्तो वस्तुगत र आत्मगत स्थितिलाई मध्यनजर गरेर एकता, संघर्ष, फुट र पलायनको वर्तमान अवस्थामा नयाँ आधारमा नयाँ एकता मार्फत् ध्रुवीकरणको प्रक्रियालाई अगाडि बढाउन युक्ति संगत तथा वस्तुसंगत दुवै हुन्छ । विगतको ध्रुवीकरणलाई फर्केर हेर्ने हो भने केही नेताका ‘सनक’ले पनि काम गरेका छन् । २०४८ सालको ध्रुवीकरणमा मोहनविक्रम सिंह ध्रुवीकरणको प्रक्रियामा आएनन्।

अहिलेको २०७५/०७६ सालको ध्रुवीकरणको प्रक्रियामा पनि केही नेताहरूको ‘सनक’ को छनक देखिन्छ। मोहनविक्रमको हालको दस्तावेजमा नयाँ जनवाद र दीर्घकालिन जनयुद्धको बाटो भनि व्याख्या गरेको पाइन्छ। तर विचार बहसमा खुलेर अगाडि आउन सकेको देखिदैन । तथापि, क्रान्तिकारी ध्रुवीकरणको प्रक्रिया भने अगाडि बढि रहेको छ । हाल यसको नेतृत्व क्रान्तिकारी माओवादीले गरिरहेको छ।


कम्युनिष्ट अन्तर्राष्ट्रियहरू तथा देश विशेषका आन्दोलनहरू संसारभर यही प्रक्रियामा छन् । फुट्ने मात्र होइन, जुट्ने र अघि बढ्ने कुरा एउटा क्रान्तिकारी पार्टीको जीवनको प्रक्रिया हो। क्रान्ति भनेको रेलको यात्रा जस्तै हो। रेल चलिरहन्छ, यात्रुहरू चढ्ने र झर्ने गरिरहन्छन्।

तर एक कुशल र प्रतिबद्ध क्रान्तिको चालक भने अन्तिम गन्तव्यमा नपुग्दासम्म रेलको इञ्जिनलाई चलाइरहन्छ । अब क्रान्तिकारी माओवादी पार्टीले अबलम्बन गरेको कार्यदिशा अनुसार संघर्षलाई अघि बढाउँदै वचारलाई थप विकसित र समृद्धीकरण गर्दै लेनिनका बारेमा बढी पढ्न र बुझ्न आवश्यक रहेको छ।



**सन्दर्भ : नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवस र लेनिन जयन्ती**

# अक्टुवर क्रान्ति एक विश्व क्रान्ति थियो



**क. सीपी गजुरेल**

***लेनिन र माओको मृत्यपछि पनि सन् १९८४ मा क्रान्तिकारी अन्तर ष्ट्रियतावादी आन्दोलन 'रिम' गठन गरी विश्वमा माओवादी आन्दोलनको सिर्जना हुन गयो । यसले पहिलो पटक मार्क्सवाद–लेनिनवाद–माओवाद (मालेमावाद) लाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गऱ्यो***

लेनिनले रुसमा सम्पन्न गरेको महान् अक्टुबर क्रान्ति एक विश्व क्रान्ति थियो । यो क्रान्तिका सार्वभौम र वैश्विक चरित्रहरू छन्। लेनिनले विश्व क्रान्तिलाई मार्ग दर्शन गर्ने गरी समग्र विचारको विकास गरेकाले यो केवल मार्क्सवाद रुसी भूमिमा मात्र लागू गरिएको नभई मार्क्सवादको थप सार्वभौम विकास पनि थियो।

एउटा देशमा मात्र क्रान्ति संभव छैन भन्ने ट्राटस्की र एउटा देशमा पनि क्रान्ति संभव छ र एकदेशीय समाजवाद पनि त्यहाँको विशिष्टतामा लागू हुनसक्छ भन्ने लेनिनका बीचमा निकै ठूलो दुईलाइनसंघर्ष चलेको थियो । ट्राटस्की मार्क्सले व्याख्या गरे झैं पुँजीवाद अन्तर्गत औद्योगिक विकास नभएसम्म समाजवादी क्रान्ति संभव नभएको र त्यो पनि विश्वव्यापी मात्र संभव छ भन्ने कुरामा अडिग थिए। तर लेनिन भने मार्क्सवाद जडवत विचार होइन, यो त स्थानीय विशिष्टतामा प्रयोग गरिने र प्रयोग हुने मार्गनिर्देशक सिद्धान्त हो भन्ने तर्कमा अडिग थिए। लेनिनको थप तर्क पनि के थियो भने साम्राज्यवादी कडी कमजोर भएको रुसजस्तो देशमा क्रान्ति संभव छ । यसका साथै रुसमा देशीय तथा अन्तर साम्राज्यवादी अन्तरविरोध पनि निकै चुलिएको थियो। लेनिन बारम्बार भन्ने गर्दथे रुसमा साम्राज्यवादी कडी निकै कमजोर छ।

उनले पेरिस कम्युनको निकै राम्रो अध्ययन गरेको देखिन्छ । कार्ल मार्क्सका संश्लेषणहरू निकै घोत्लिएर अध्ययन गरेको पुष्टि हुन्छ । पहिले परिस्थिति तयार नपारेर सुरु गरिएको पेरिस कम्युनको आन्दोलन ब्लांकीको अराजकतावादी सोचबाट बढी प्रेरित र निर्देशित रहेको बताइरहेका मार्क्स पछि जब पेरिसका मजदुरहरू सडकमा उत्रिए, तब मार्क्स पेरिस कम्युनको सफलताका लागि मरिमेटेर लागेका थिए । यो लेनिनका लागि महत्वपूर्ण शिक्षा थियो।

लेनिनले मार्क्सवादी विचारलाई रुसी भूमिमा सफल प्रयोग गरी क्रान्ति सम्पन्न गरेपछि यसको विश्वव्यापी प्रचारमा लागिपरे । मार्क्स र एंगेल्स दुवैजना रहेका बेलामा पनि पहिलो तथा दोस्रो अन्तर्राष्ट्रियमा भएगरेका टुटफुट र उतारचढावबाट लेनिनले ठूलो शिक्षा लिएका थिए। यो शिक्षा मार्क्स र लेनिनपछिको विश्व परिस्थितिमा अन्तर ष्ट्रिय गठन र पुनर्गठन तथा प्रचारप्रसार गर्दा लेनिनका लगि मार्गनिर्देशन बन्न पुग्यो । लेनिनले पुनर्गठन तथा निर्माण गरेका अन्तर्राष्ट्रियमा पनि टुटफुट र विभाजनहरू आइ नै रहे।

रुसको क्रान्ति पनि आफैमा टुटफुटको एक लामो श्रृंखला पार गरेर आएको थियो। यसलाई लेनिन आफैले निकै क्रान्तिकारी सुझबुझ र क्रान्तिकारी चतुर्‍याइँका साथ नेतृत्व गर्दै सफल बनाएमा थिए । स्वयम् लेनिन पनि निकै लामो टुटफुट र एकताको प्रक्रियाबाट खारिएका थिए। उनको यो असामान्य अनुभव र कुशलताका कारण तेस्रो अन्तर्राष्ट्रिय गठन हुन सकेको थियो। आफ्नै पार्टीभित्र लामो समय वैचारिक संघर्ष चलाई फरक मत र धार राख्दै आएका मेन्सेविकसमूहकी एक महिलाले लेनिनलाई गोलीसमेत् हानेकी थिइन् । लेनिन निकै गम्भीर अवस्थामा थिए तर पनि उनी कम्मर कसेर अन्तर ष्ट्रिय पुनर्गठन तथा प्रचारमा जुटिरहे।

रुसमा स्थापना भएको समाजवादले मार्क्सवादलाई प्रयोगमा नआउने ‘युटोपिया’ हुनबाट जोगाएको थियो । साथै मार्क्सवाद र समाजवाद भनेका काल्पनिक कुराहरू मात्र हुन् भन्ने पुँजीपतिहरूले जोडतोडले छर्ने गरेको भ्रम यसपछि फिक्का र निस्तेज भए । पुँजीवादीहरूका अगाडि कम्युनिष्टका विरुद्ध भ्रम छर्न प्रयोग गरिरहेका अस्त्रहरू अब नाकाम सिद्ध भए।

लेनिन र माओको मृत्यपछि पनि सन् १९८४ मा क्रान्तिकारी अन्तर ष्ट्रियतावादी आन्दोलन ‘रिम’ गठन गरी विश्वमा माओवादी आन्दोलनको सिर्जना हुन गयो । यसले पहिलो पटक मार्क्सवाद-लेनिनवाद-माओवाद (मालेमावाद) लाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा अंगीकार गर्‍यो । यसले मालेमावादको विश्वव्यापी प्रचार गर्‍यो । अब हुने आन्दोलन भनेको माओवाद नै हो भन्ने कुरा विश्वको कुनाकुनासम्म फैलायो । रिम गठन आफैमा ऐतिहासिक थियो, यद्यपि यसमा थुप्रै क्रान्तिकारी पार्टीहरू सामेल हुन बाँकी नै थियो।

रिमले, पहिलो कुरा, अन्तर ष्ट्रिय गठन संभव छ भन्ने पुष्टि गर्‍यो । दोस्रो कुरा, अबको कम्युनिष्ट आन्दोलनका लागि मालेमावाद नै एक मात्र मार्गनिर्देशक सिद्धान्त हो भन्ने कुरा पुष्टि गर्‍यो । तेस्रो, मालेमावादी क्रान्ति संभव छ भन्ने कुरा देखायो । चौथो कुरा, दीर्घकालीन जनयुद्धको कार्यदिशा र यस अर्नगत सर्वहारा वर्गको आफ्नै सेना र आफ्नै जनसत्ता संभव छ भन्ने पनि साबित गरिदियो । भारतमा लामो समयदेखि दीर्घकालीन जनयुद्ध चलिरहेको छ र टिकिरहेको पनि छ।

नेपालमा पनि चिनियाँ महान् नेता माओको विचार र यही मालेमावादी कार्यदिशाबाट प्रभावित र निर्देशित भएर १० वर्षे जनयुद्ध चल्यो पनि । तर नेताहरूको गद्दारी र धोखाका कारण त्यो टिक्न सकेन। यसले नराम्रोगरी सेटब्याक खान पुग्यो । तथापि क्रान्तिकारी धार निर्मणको प्रक्रिया भने सुसंगठित रूपमा अघि बढिरहेको छ।




एकताका अन्तर्राष्ट्रिय पनि गठन भएको र नेपाला माओवादी जनयुद्ध पनि चलिरहेका बखत यसले विश्वभर क्रान्तिको उर्जा दियो । सगरमाथाको देश र हिमालयबाट रातो सूर्य उदाउँदै छ भन्ने सन्देश पनि दियो। तर तात्कालीन नेकपा (माओवादी) भित्र रहेको मूल नेतृत्वले गद्दारीका कारणले नेपाली जनयुद्ध सफल हुन सकेन। फेरि यसलाई जगैबाट उठाउन र सफलताको शिखरमा पुर्‍याउन क्रान्तिकारीहरू जुर्मुराएर अघि बढिरहेका छन्।

मे दिवसका दिन विश्वका कम्युनिष्टहरूले, क्रान्तिकारी पार्टीहरूले विश्वका मजदुरहरूलाई एकजुट हुन संयुक्त रूपमा वक्तव्यहरू दिने गरेका छन्। यसले पनि अझैं कम्युनिष्ट अन्तर्राष्ट्रियको झझल्को दिने गरको छ । विश्वका कम्युनिष्ट र कम्युनिष्ट पार्टीहरू कुनै न कुनै रूपमा एक जुटहुन र अन्तर्राष्ट्रियताको खोजी गर्न लालायित देखिन्छन्।

रिमले ठूलो आकार लिनसक्ने संभावना थियो । तर रिमको बिघटन नेपालको माओवादी आन्दोलनको विघटनसँगै हुन गयो । यसले विश्व कम्युनिष्ट आन्दालनमा ठूलो क्षति पुग्न गएको छ। तथापि क्रान्तिकारीहरू हात बाँधेर बसेका नभई फेरि आफ्नो क्रान्तिकारी प्रयासमा लागि रहेका छन्।

# नेकपा (विप्लव) का धनकुटा इन्चार्ज चट्टानसहित दर्जनौं नेता कार्यकर्ताहरू नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश

काठमाडौं । नेकपा (विप्लव)का धनकुटा इन्चार्ज चट्टानसहित दर्जनौं नेता कार्यकर्ताहरू नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । प्रवेश गर्नेहरूमा कोशी व्यूरो सदस्य संघर्ष (पाँचथर), कमला लिम्बू (पाँचथर, इन्चार्ज), छिरिङ (संखुवासभा सेक्रेटरी), नवराज (व्यूरो सदस्य, धनकुटा), लेखनाथ (व्यूरो सदस्य, धनकुटा), अतित (काठमाडौं जिल्ला सदस्य), एडी (काठमाडौं जिल्ला सदस्य), पूर्ण (काठमाडौं जिल्ला सदस्य) लगायत २१ जना रहेका छन् । पार्टी प्रवेश गर्नेहरूलाई पार्टी महासचिव मोहन वैद्य 'किरण' तथा क्रान्तिकारी संयुक्त मोर्चाका अध्यक्ष सीपी गजुरेलले अबीर र खादा लगाएर स्वागत गरेका थिए । विप्लवबाट विद्रोह गरी आएका नेता कार्यकर्ताहरूलाई पार्टी प्रवेश गराउँदै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिवले भने- "अब ध्रुवीकरण सुरु भएको छ । ठूलै ध्रुवीकरणको सम्भावना छ । हामी सबै छरिएर रहेका कम्युनिस्ट क्रान्तिकारीहरूलाई एकता र ध्रुवीकरणमा ल्याउने प्रयत्न गरिरहेका छौं । सम्भावना बढेर गएको छ । क्रान्तिका लागि क्रान्तिकारीहरू एक ठाउँमा नआई सुखै छैन ।"

विप्लव नेकपा परित्याग गरी क्रान्तिकारी माओवादी प्रवेश गर्नेहरूको तर्फबाट प्रतिनिधित्व गर्दै चट्टानले नेकपा (क्रान्तिकारी माओवादी) को कार्यदिशा तथा नीति कार्यक्रमप्रति प्रतिबद्ध भई नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न आफूहरू जस्तो सुकै चुनौतीको सामना गर्न पनि तयार रहेको बताए । लेनिन जयन्ती तथा नेपाल कम्युनिस्ट पार्टीको स्थापना दिवसको सन्दर्भमा आयोजित कार्यक्रममा उनीहरू पार्टी प्रवेश गरेका थिए ।



**हामी निरन्तर संघर्षमा छौं : कमरेड चट्टान**

हामीहरू निरन्तर वर्ग संघर्षमा छौं । हामी चाहन्छौं यो देशमा क्रान्ति वा आमूल परिवर्तन होस् । हामी २०५२ सालदेखि क्रान्तिकारी पार्टीको विभिन्न नाम र व्यानरमुनि देश र जनताका लागि संघर्षरत रहँदै आएका छौं । जनताको सत्ता स्थापना गर्न हाम्रो जीवन व्यतित गर्दै आएका छौं । जनयुद्धको सेटब्याकपछि भएका टुटफुटमा हामी विप्लवले नेतृत्व गरेको पार्टी आबद्ध हुन पुग्यौं । जनयुद्धले धोखा खाएको, मूल नेतृत्वले गद्दारी र आत्मसमर्पण गरेको, पार्टी टुटफुटभएको अवस्था पछि पनि फेरि नयाँ विचार र आधारमा ध्रुवीकरण आउन थालेको छ । हामी युवाहरू निकै आशावादी छौं ।

हामीले आफूहरू रहेको पार्टीमा छलफलका लागि केही विषयहरू राखेका नि थियौं । तर त्यसका बारेमा चित्तबुझ्दो छलफल र बहस नै गरिएन । हामी वैचारिक रूपमा प्रष्ट हुन पनि पाएनौ । तर पनि हामी विचारका नेता मोहन वैद्य 'किरण' र जुझारु नेता विप्लव एक ठाउँमा हुनुपर्छ र एकतामा आउनु पर्छ भन्ने सदाशयता राखिराखेका छौं । तर पनि हामीले यो समयमा पार्टी ध्रुवीकरण क. किरणकै नेतृत्वमा हुनु जरुरी छ भन्ने ठानेका छौं र त्यसमा विश्वस्त भई आवद्ध पनि भइसकेका छौं ।

विचार वा अभिव्यक्ति स्वतन्त्रताले मात्र हुँदैन, विचार संश्लेषणको प्रक्रियाले मात्र अबका सबै सास्याहरू हल हुने छन् । ध्रुवीकरणका लागि विचार/बहसको जरुरी छ । हामीलाई लाग्छ- सेना नभएको पार्टी र जनतासँग आफ्नो भन्ने कुरा केही पनि हुँदैन ।

# नेपालगञ्जको बाँकेगाउँ, सुर्खेत र कैलालीमा पार्टी स्थापना दिवस तथा लेनिन जयन्ती मनाइयो

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवस तथा लेनिन जयन्ती नेपालगञ्जको बाँकेगाउँ, सुर्खेत र कैलालीमा भव्य रूपमा मनाएको समाचार प्राप्त भएको छ । प्राप्त समाचारअनुसार नेकपा (क्रान्तिकारी माओवादी) तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल नेपालगञ्जको बाँकेमा उपस्थित नेता तथा कार्यकर्ताले लेनिनको फोटोमा अबीर माल्यार्पण गरी श्रद्धासुमन व्यक्त गरेका थिए । कार्यक्रमलाई देजमो नेपाल बाँकेका अध्यक्ष तथा मोर्चा केन्द्रीय सदस्य सुरेश ओली र क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य क.शंकुलले लेनिनका योगदानहरूका बारेमा व्याख्या गरेका थिए ।

त्यसैगरी सुर्खेतमा सम्पन्न कार्यक्रममा पनि सुरुमा लेनिनको फोटोमा मल्यार्पणसहित प्रमुख अतिथि तथा स्थायी समिति सदस्य रामसिंह श्रीसले नेपाल कम्युनिष्ट पार्टीको ७० वर्षीय इतिहासमा आएका उतारचढाब तथा एकता र फुटका श्रृंखलाहरूको सिलसिलेवार व्याख्या गर्दै नेपाल कम्युनिष्ट पार्टीले यो लामो संघर्षको इतिहासमा उल्लेखनीय वर्गसंघर्षका कामहरू पनि गरेको बताएका थिए । अर्का अतिथि तथा प्रदेश नम्बर ६ का सचिव चक्रपाणी शर्माले लेनिनको बहुआयामिक व्यक्तित्वमाथि प्रकाश पार्दै लेनिनले मार्क्सवादलाई केवल रुसी भूमिमा मात्र प्रयोग नगरी एक सार्वभौम विचारको समेत विकास गरको कुरामा जोड दिएका थिए । कार्यक्रम सुर्खेतका सचिव कमरेड श्याम कार्कीको अध्यक्षतामा भएको थियो ।

त्यस्तै कैलालीमा ७१औं कम्युनिष्ट पार्टी स्थापना दिवस तथा १५०औं लेनिन जयन्ती कैलालीको अत्तरीयामा मनाएको छ । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) प्रदेश सेक्रेटरी चन्द्रहरी सुवेदी 'अटल' अतिथि देजमो केन्द्रीय सदस्य बिष्णुराम दमाई, क्रान्तिकारी किसान संघका केन्द्रिय सदस्य टंक कोईराला लगायतका नेताहरूले सम्बोधन गरेका थिए । कार्यक्रम देजमो प्रदेश संयोजक डायमन्डको अध्यक्षतामा भएको थियो ।

## श्रद्धाञ्जली...

श्रेष्ठले नेपालको कम्युनिस्ट आन्दोलनमा पुऱ्याउनुभएको योगदानको बारेमा चर्चा गरेका छन् । फाउन्डेसनका अध्यक्ष तथा नेता श्रेष्ठकी जीवनसंगिनी महालक्ष्मी श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन फाउन्डेसनका सदस्य कपिलचन्द्र पोखरेलले गरेका थिए । कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण', पूर्व प्रम तथा सत्तारुढ नेकपाका नेता झलनाथ खनाल, सीपी गजुरेल, सीपी मैनाली, लेखक तथा सौन्दर्य चिन्तक जगदीशचन्द्र भण्डारी, परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठ, बरिष्ठ अधिवक्ता एकराज भण्डारी, मार्क्सीय गुरुकुलका संस्थापक स्वनाम साथी, पुष्पलाल अध्ययन समाजका अध्यक्ष लोककृष्ण भट्टराई, इच्छुक प्रतिष्ठानका अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली, प्रगतिबादी लेखक, सौन्दर्य चिन्तक निनु चापागाई, क.कृष्णदास श्रेष्ठको परिवारबाट ज्वाई गजेन्द्र भुजु लगायतका वक्ताहरूले कृष्णदास श्रेष्ठले नेपालको कम्युनिस्ट आन्दोलनमा नेता, अनुवादक, विचारक, लेखक तथा चिन्तकका क्षेत्रबाट पुऱ्याउनुभएको योगदानको विशद रूपमा चर्चा गरेका थिए । सबै वक्ताहरूले क.कृष्णदास श्रेष्ठ कम्युनिस्ट आन्दोलनको एउटा स्कूल भएको भन्दै उहाँको जीवन र कृतिबाट अमूल्य शिक्षा लिनुपर्नेमा जोड दिएका थिए । कार्यक्रमको अन्त्यमा बोल्दै क.कृष्णदास श्रेष्ठकी जीवनसंगिनीसमेत रहेकी फाउन्डेसनकी अध्यक्ष महालक्ष्मी श्रेष्ठले कृष्णदास श्रेष्ठले आफ्नो लागि नभई देश र जनताको निम्ति, श्रमजीवि वर्गका निम्ति अध्ययन, लेखन र अनुवाद गरेको भन्दै सबै कम्युनिस्ट पार्टीहरूले उहाँका कृतिहरू कार्यकर्ता तथा जनतालाई पढाउने बातावरण बनाइदिन आग्रह समेत गरिन् । कार्यक्रममा परिवारका सदस्यसहित उल्लेख्य रूपमा विभिन्न कम्युनिस्ट पा्र्टीका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

## सहिद...

अल्टिमेटमसहितको चेतावनी दिएका हुन् ।

वक्तव्यमा भनिएको छ- "के.पी. ओली सरकारले १४ महिना पूरा भएको खुशियाली मनाइरहेको बेला सरकारमा भएका कमिसनखोरसँगको मिलेमतोमा भूमाफियाहरूले सरकारकै एउटा मुख्यालय भएको बालुवाटारको जमिन कब्जा गरेको घटनाले हामीलाई स्तव्ध पारेको छ । यो घटनाको चर्चा नसेलाउँदै काठमाडौं महानगरपालिकाको मिलेमतोमा स्वच्छन्द बिकोई बिल्डर्सले सहिद मञ्च (खुला मञ्च) कब्जा गरेर त्यस स्थानमा ५२ वटा सटर बनाएर भाडामा लगाउँदै छ भन्ने समाचारले जनतालाई उद्देलित बनाएको छ । सहिद मञ्च जनताले आफ्ना अभिव्यक्ति सार्वजनिक गर्ने ठाउँ हो ।

यसमाथि धावाबोल्ने काम केवल जनताको सम्पत्तिमाथि अतिक्रमण मात्र होइन, यो जनताको अधिकार माथिको अतिक्रमण पनि हो । यो हाम्रो लागि सह्य हुन सक्दैन । त्यसैले, हामी महानगरपालिका र ओली सरकार दुबैलाई के चेतावनी दिन चाहन्छौं भने सहिद मञ्चलाई यही बैशाख महिनाभित्र खाली गराइयोस् र जनताको जिम्मामा दिइयोस् । यदि त्यसो गरिएन भने जनता आफैंले प्रत्यक्ष कारवाहीद्धारा मुक्त गर्न बाध्य हुने छन् । यसको निमित्त हाम्रो संगठन अग्रपंक्तिमा रहेर संघर्ष गर्न तयार रहने कुरा पनि स्पष्ट पार्न चाहन्छौं ।"

स्थानीय जनता तथा विज्ञअनुसार भूकम्पको उच्च जोखिममा रहेको नेपाल र त्यसमा पनि काठमाडौं जस्तो अत्यन्तै जोखिमयुक्त क्षेत्रमा प्राकृतिक विपद्का बेला जोगिन र शरण लिन सकिने खुल्ला ठाउँहरूसम्म सरकार र महानगरपालिकाको यो व्यवहारले अन्त्य गरिदिएको छ ।

## ४ नं...

बुझाएको छ । प्रदेश समितिका अध्यक्ष केशबहादुर परियारको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले राष्ट्रियता, जनतन्त्र, जनजीविका र राज्यलाई जनमुखी बनाउने विषयहरू समेटिएको २३ (तेईस) बुंदे ज्ञापन-पत्र प्रदेश सरकार मुख्यमन्त्री गुरुङलाई बुझाएको हो । ज्ञापन पत्र बुझाउदै अध्यक्ष परियारले मागहरू पूरा नगरिए मोर्चा संघर्षमा जान बाध्य हुने चेतावनी समेत दिए ।

ज्ञापन पत्र बुझाउने क्रममा फेवाताल, बेगनासताल लगायतका तालहरूको संरक्षण, सार्वजनिक जग्गाहरू संरक्षण, बास्तविक सुकुम्बासीहरूको बसोवासको ब्यवस्थापन, उत्तरी नाका कोरला नाकालाई तुरुन्त संचालनमा ल्याइयोस्, प्रदेश स्तरको बसपार्क निर्माण, प्रदेश स्तरमा क्यान्सर, मुटुरोग लगायतका अस्पताल निर्माण कार्य तुरुन्त गरियोस् भन्ने महत्वपूर्ण सुभावहरू समेत प्रतिधिनि मण्डलको तर्फबाट राख्ने काम गरिएको थियो ।

प्रतिनिधि मण्डलमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उपाध्याक्ष, सचिव, सहसचिव, प्रदेश समितिका सदस्यहरू, जिल्ला कमिटिका अध्यक्ष, सचिव, सदस्यहरू र पार्टीका नेताहरूको समेत उपस्थिति रहेको थियो ।

## शुल्क...

अध्यक्ष हरिकृष्ण गजुरेलले जारी गरेको वक्तव्यमा शैक्षिक संस्था तथा सम्बन्धित निकायहरूमा ज्ञापन पत्र बुझाउने, विश्वविद्यालयहरूका बिकृति, विसंगति लगायत विषयलाई मध्यनगर गर्दै संघर्ष सञ्चालन गर्ने, शिक्षा र स्वास्थ्यमा भएका निजीकरण, दलालीकरण, भ्रष्टीकरण र माफियाकरणविरुद्ध संघर्ष सञ्चालन गर्ने र सामुदायिक विद्यालयको स्तरोन्नतिका लागि जोडदार पहल गर्ने लगायतका निर्णय गरेको छ ।

बैठकले संगठनलाई व्यापक रूपमा विस्तार गर्ने, ३ महिने संगठन विस्तार तथा सुदृढीकरण अभियान चलाउनेलगायतका निर्णय समेत गरेको छ । बैठककै बीचमा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरण र पार्टी स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल गौरवले समसामयिक विषयमा प्रशिक्षण समेत दिएका थिए । बैठकले केन्द्रीय समितिमा एक जनालाई थपेको र विश्वविद्यालयहरूमा समन्वय समिति गठन र विभागहरू समेत गठन गरी जिम्मेवारी समेत ठोस गरिएको जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

## लेनिन...

एक मिनेट मौनधारण गरिएको थियो । यस लगत्तै उपस्थित अतिथि तथा सहभागीहरूबाट बहुआयामिक व्यक्तित्वका धनी तथा नेता लेनिनको फोटोमा माल्यार्पण गरिएको थियो । कार्यक्रमको औपचारिक घोषणा पश्चात् अतिथिहरूले आआफ्नो मन्तव्य राखेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि तथा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'ले नेपाली कम्युनिष्ट आन्दोलन र लेनिनका विचारहरूमाथि प्रकाश पार्दै लेनिनको अगुवाइमा भएको अक्टुबर क्रान्ति विश्वभरका सर्वहारा तथा उत्पीडित जनताको विजयको दिन भएको स्मरण गरेका थिए ।

लेनिनले मार्क्सवादलाई माथि उठाउन र मार्क्सवाद-लेनिनवादको मञ्जिलमा पुर्‍याउन सार्वभौम योगदान गरेको उल्लेख गर्दै अहिले पनि लेनिनका कृतिहरू बढी अध्ययन गरिनु पर्ने र आफूहरूलाई सचेत र स्पातिलो बनाउनु पर्ने कुरामा जोड दिएका थिए ।

नेपाली कम्युनिष्ट आन्दोलन टुटफुट र ध्रुवीकरणको बीचबाट नै अघि बढ्दै आउने गरेकाले जनयुद्धको सेटब्याकपछि भएको अकल्पनीय टुटफुट अब क्रान्तिकारी ध्रुवीकरणतिर सोझिइरहेको कुरामा जोड दिएका थिए । महसचिव किरणले टुटफुट र जीवनमरण जीवनका प्रक्रियाहरू भए पनि एकता, संघर्ष र रूपान्तरणका ठाउँमा अहिले एकता, संघर्ष र फुट नै बढि हुन गइरहेको देखिन्छ ।

कमरेड माओले इतिहासको संश्लेषण गरे झैं अब एकता, संघर्ष र फुटपछि हुने गरिहेको नेपाली कम्युनिष्ट आन्दोलन र कम्युनिष्ट पार्टीमा रहेका क्रान्तिकारी एकता, संघर्ष र फुटपछि हुने नयाँ ध्रुवीकरणलाई अघि बढाउनु जोड दिनु जरुरी रहेको कुरामाथि प्रकाश पारेका थिए ।

अर्का अतिथि तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष तथा पार्टी स्थायी समिति सदस्य सीपी गजुरेलले लेनिन र विश्व कम्युनिष्ट आन्दोलनमाथि प्रकाश पार्दै रुसी क्रान्ति विचारका हिसाबले विश्व क्रान्ति थियो भन्ने कुरामा जोड दिएका थिए । रुसमा महान अक्टोबर क्रान्ति समपन्न भएलगत्तै लेनिन दोस्रो अन्तर ष्ट्रिय गठनमा कम्मर कसेर लागेको कुरा स्मरण गराउँदै अन्तर्राष्ट्रियले रुसी अक्टोबर क्रान्ति र यसको ऐतिहासिक विजयलाई संसारभर फैलाएको कुरामा जोड दिएका थिए ।

लेनिन गोली लागेर सख्त घाइते भएको बेलामा पनि अन्तर ष्ट्रिय संगठन गठन र समाजवादको प्रचारमा अविराम लागिरहनु भयो भन्दै गजुरेलले क्रान्तिकारीहरूमा थकाइ नआउने कुरामा जोड दिए । माओको पालामा लेनिनवादले थप नयाँ उचाइ पाएको भन्दै गजुरेलले माओपछि पनि विश्वमा भियतनामदेखि पेरु र नेपालसम्मका माओवादी आन्दोलनहरू भएको कुरामा प्रकाश पारेका थिए ।

लेनिन जयन्ती तथा नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवसको अबसरमा मन्तव्य राख्ने क्रममा अतिथि अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की महासचिव शारदा महतले लेनिनको पथप्रदर्शन र लेनिनवादी वैचारिक आलोकमा नेपाली कम्युनिष्ट पार्टीको स्थापना भएको स्मरण गर्दै नेपाल कम्युनिष्ट पार्टीले पटकपटक आन्दोलनहरू अघि बढाएको कुरामा प्रकाश पारेकी थिइन् ।

पछिल्लो पटक भएको नेपाली माओवादी जनयुद्ध तात्कालीन पार्टीको मूल नेतृत्वले धोखा दिएर गद्दारी गरेपछि पूर्णतामा जान नसकी धक्का खान पुगेको कुरा कोट्याउँदै महतले अबका दिनका ती सबै कुराहरूबाट पाठ सिकेर आन्दोलन अघि बढाउने कुरामा जोड दिइन् । यसका अनुसार त्यसका लागि पार्टी सशक्त बन्दै र बनाउँदै यसको मातहतमा सेना तथा संयुक्त मोर्चाका साथै जनवर्गीय संगठनहरू तथा मञ्चहरू देशव्यापी विस्तार गरिनु पर्ने कुरामा जोड दिएकी थिइन् ।

कार्यक्रमका अध्यक्ष पवनमान श्रेष्ठले समाजमा वर्ग रहेसम्म वर्गसंघर्ष चलिरहने बताउँदै विश्वमा अहिले पनि धैरै देशहरूमा वर्ग संघर्ष चलिरहेको कुरामा जोड दिए । यस्तो अवस्थामा क्रान्तिकारीहरू ध्रुवीकृत भई फेरि क्रान्ति उठानमा लाग्नु पर्ने बताए । कार्यक्रमको सञ्चालन नेकपा (क्रान्तिकारी माओवादी) पीबीएम् राम आचार्यले गरेका थिए ।

## देजमो...

श्रेष्ठको नेतृत्वमा नारा जुलुससहित मुख्यमन्त्रीको कार्यालयमा पुगेको टोलीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई केन्द्रीत गरी तयार पारिएको २५ बुँदे ज्ञापन पत्र बुझाएको हो । टोलीले मोर्चाले यसअघि प्रधानमन्त्रीलाई बुझाएको ९४ नं. बुँदे ज्ञापन पत्रको कार्यान्वयनका निम्ति पनि प्रदेशमार्फत् प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ । मुख्यमन्त्री डोरमणी पौडेल चीन भ्रमणमा रहेकोले टोलीले कार्यबाहक मुख्यमन्त्रीको जिम्मेवारीमा रहेका गृह तथा कानुन मन्त्री शालिकराम जमरट्टेललाई ज्ञापन पत्र बुझाएको थियो । ज्ञापन पत्र बुझाउने कार्यक्रमको सञ्चालन तथा मोर्चाको ज्ञापनपत्र शिव श्रेष्ठले प्रस्तुत गरेका थिए भने ज्ञापन पत्रमा समेटिएका मागहरूका विषयहरूमा कुरा राख्दै मोर्चाका मागहरू तत्काल पूरा नगरिए संघर्षमा उत्रन बाध्य हुने चेतावनी दिएका थिए । जवाफमा मन्त्री जमरकट्टेलले सरकारले कर्मचारीतन्त्रले साथ नदिएका कारण केही पनि गर्न नसकेको र मोर्चाले बुझाएका प्रायः सबै मागहरू जायज र आवश्यक हुँदा हुँदै पनि ती मागहरू पूरा गर्न गराउन सकिने बातावरण नरहेको बताए । ज्ञापनपत्र बुझाउन गएको प्रतिनिधिमण्डलले प्रधानमन्त्री र प्रदेश मुख्यमन्त्रीका लागि नेपालको वास्तविक नक्सासमेत हस्तान्तरण गरेको थियो ।

हेटौडाको बुद्ध चोकबाट सरकारका विरुद्ध चर्का नाराबाजीसहित निस्किएको ऱ्याली मुख्यमन्त्रीको कार्यकक्षसम्म पुगेको थियो । भित्र टोलीले ज्ञापन पत्र बुझाउँदै गर्दा बाहिर भने सरकारका विरुद्ध चर्का नाराबाजी जारी थिए । कार्यक्रममा मोर्चाका केन्द्रीय नेताहरू अम्बिका मुडभरी, फुर्वा तामाङ, इन्दिरा अधिकारी, अशोक शर्मा लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।


**नव वर्ष २०७६ को**

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

- टीकापुर नगर क्षेत्रमा कुनै पनि प्रकारको व्यवसाय सञ्चालन गर्दा नगरपालिका कार्यालयमा व्यवसाय दर्ता गराएर मात्र सञ्चालन गरौं ।
- माछा, मासु वा खाद्य पदार्थहरु झिंगा नभन्कने गरी सुरक्षित जाली वा सिसा लगाएर मात्र बिक्री वितरण गरौं ।
- फोहोरमैला सुरक्षित साथ राखी नगरपालिकाका सरसफाइकर्मीहरुलाई सहयोग गरौं ।
- चौपाया छाडा नछाडौं, आफ्नो नियन्त्रणमा राखौं, सडक पेटी छेउछाउ नबाधौं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराइ जस्ता व्यक्तिगत घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा दर्ता गरौं ।
- टीकापुर हाम्रो हो, यसलाई सफा, सुन्दर बनाउन आ-आफ्नो ठाउँबाट लागिपरौं ।

**टीकापुर नगर कार्यपालिकाको कार्यालय**

टीकापुर, कैलाली

# पोल्याण्ड र माल्टाका लागि म्यानपावर ठगी



काठमाडौं । विदेशी रोजगारीका लागि पठाइने ठाउँहरूमा हाल पोल्याण्ड र माल्टाका लागि इच्छुक कामदारहरूमाथि निकै ठूलो रकम लिएर पठाउने काम भइरहेको छ । यसलाई म्यानपनवरहरूबाट हुने ठगीका रूपमा लिइएको छ । कामदारसँग मनपरी रकम असुली गरेर म्यानपावर कम्पनीहरूले उनीहरूलाई पठाउने गरेको पाइएको छ ।

पछिल्लो चरणमा एमओयु गरेका देशहरूले गरेको सहमति अनुसार समयमै कमदारहरू नलगिदिंदा वैदेशिक रोजगारीका लागि काम गरिरहेका म्यान पावर कम्पनीहरूले यसो गर्न थालेका हुन् । यसलाई अर्को कमाउ धन्दाका रूपमा यी म्यान पावर कम्पनीहरूले लिने गरेका छन् । पोल्यान्ड र माल्टालाई अहिले रोजगारीका आकर्षण केन्द्रहरूका रूपमा प्रचार गरेर म्यानपावर कम्पनीहरूले मनपरी रकम असुली गरिरहेका छन् ।

अहिले पोल्याण्ड र माल्टासँग युवाहरू श्रमरोजगारीका लागि पठाउन कुनै पनि सहमति नभएकाले म्यानपावरहरूले संस्थागत नभई व्यक्तिगत श्रम स्वीकृतिमा माल्टा र पोल्यान्ड पठाउने गरेका छन् । यसका बारेमा जुरी वैदेशिक रोजगार विभागमा परे पनि भित्रभित्र रकमको लेनदेनले गर्दा सबै तैं चूप र मै चूपको अवस्थामा रहेका छन् । यस्तो खाले ठगी विगतका केही वर्ष देखि हुँदै आएको छ ।

कामदारहरूका अनुसार विगत दुई वर्षदेखि रोजगारीमा पोल्यान्ड र माल्टा पठाउने भन्दै म्यानपावरले युवा ठग्न थालेको बताउँछन् । युवाहरू आफूहरू घर बसेर के गर्नु, चारपैसा भए पनि कमाइ गर्न विदेशिनु आफ्नो बाध्यता भएकाले त्यसैमा म्यानपावर कम्पनीहरूले घुँडा धँसेको बताउँछन् । यस्तो हुँदा हुदै पनि विदेशिने क्रम भने निकै बढ्दो छ । पोल्यान्ड र माल्टा जानका लाग युवाहरूको भीड नै लाग्ने गरेको छ ।

सरकारले पोल्यान्ड र माल्टा रोजगारीमा जाने कामदारका लागि संस्थागत श्रम स्वीकृति जारी गरेको छैन । तर पनि रोजगारीका लागि युवाहरूलाई विदेशिनु छ भने म्यानपावर कम्पनीहरूलाई पैसा कमाउनु छ ।

रोजगारीका लागि माल्टा र पोल्यान्ड जाने कामदारका हकमा सरकारले हालसम्म कुनै मापदण्ड निर्माण गरेको छैन । यसको फाइदा म्यानपावर व्यवसायीले माल्टा र पोल्यान्ड रोजगारीमा जाज खोज्न युवासँग लिइरहेका छन् ।

## सिरिया नरसंहार : छताछुल्ल भयो अमेरिकी झुठको पुलिन्दा



काठमाडौं । अमेरिकाले रक्का भनिने सिरियाली सहरमा गरेको अक्रमणको हताहतीको रिपोर्ट धेरै पछि मात्र सार्वजनिक भएको छ । त्यो पनि एक मानव अधिकारवादी संगठनको रिपोर्टमार्फत् सार्वजनिक हुन आएको छ । सन् २०१७ मा सिरियाको रक्कामा अमेरिकी नेतृत्वमा रहेको सैनिक गठबन्धनको लगातार केही दिनसम्म आक्रमण गरेको थियो । बाहिर प्रचारमा एक रातमात्र आक्रमण भएको भनिए पनि यो आक्रमण निरन्तर नै गरिएको थियो ।

यो आक्रमणबाट १६ सय सिरियाली नागरिकको मृत्यु भएको भनी हालै मात्र प्रकाशित मानवअधिकारवादी संगठनका पुस्तिकामा उल्लेख छ । जानकारी भए अनुसार यो निकै डरलाग्दा अस्त्रहरूको आक्रमणथियो।मानवअधिकारको क्षेत्रमा काम गर्दै आएका अधिकारवादीहरूका अनुसार लडाकु विमान र तोपबाट गरिएको आक्रमणको निसाना इस्लामिक स्टेट समूहलाई बनाइएको भनिएको थियो ।

विश्वका अलि केही बढी विश्वसनीय मानव अधिकारवादी संगठन एमनेस्टी इन्टरनेसनल र स्वतन्त्र पर्यवेक्षक समूहको संयुक्त भ्रमण तथा खोज र अनुसन्धान अनुसार आक्रमण भएका दुई सय स्थानको जाँच गरिएको थियो । अमेरिकी हमलामा परेका एक हजार पीडितको पहिचान पनि भएको छ र उनीहरूमध्ये केही निकै गम्भीर हालतमा बाँचिरहेका छन् ।

त्यतिबेला अमेरिकी गठबन्धनले भने विश्वका सामु मात्र १ सय ८० जनाको मृत्यु भएको र ती सबै इस्लामिक स्टेटका सदस्यहरू रहेको बताएको थियो । अमरिकाको त्यति बेलाको दाबी र अहिलेको मानव अधिकारवादीहरूको रिपोर्टको कहीं र कतै पनि मेल रहेको छैन । अमेरिकी राष्ट्रपतिले उडन्ते कुरा गर्दै जे भने पनि सैन्य अधिकारीले भने आमनागरिकको बढी नोक्सान नहोस् भनेर सम्भव भएसम्म सावधानी अपनाइएको बताएका थिए ।

रिपार्टले यथार्थ कुरा बाहिर ल्याइदिएपछि अप्ठेरोमा परेका अमेरिकी तथा गठबन्धन सेनाले संघर्षमा लागू हुने कानुनको पूर्ण रूपमा पालना गरिएको कुरा दोहर्‍याइरहेका छन् । तर उजागर भएका तथ्यले ती सबै कुरा झुठका पुलिन्दा मात्र भएको प्रमाणित हुन पुगेको छन् । अमेरिका, बेलायत र फ्रान्सको गठबन्धन सेनाले सिरिया र इराकमा सन् २०१४ देखि अहिलेसम्म ३४ हजार आक्रमण गरेका छन् ।

## फेरि द्वन्द्वमा श्रीलंका : उच्च सुरक्षा अधिकारीद्वारा राजीनामा

काठमाडौं। लामो समयसम्म आन्तरिक गृहयुद्धमा फसेको श्रीलंका फेरि भिन्नखाले द्वन्द्वको चपेटामा परेको छ । पहिलेको द्वन्द्व घेरलु थियो भने पछिल्लो द्वन्द्व भने अन्तर र्राष्ट्रिय प्रकृतिको छ । श्रीलंकामा भएको विनाशकारी बिस्फोटनका घटनामा दोषी ठहर गर्दै राजीनामाका लागि राष्ट्रपतिले दिएको दवाबपछि उच्च सुरक्षा अधिकारीहरूले बिहीबार राजीनामा दिएका छन् ।

आत्मघाती हमलामा परी झण्डै ३६० जनाको मृत्यु भएको छ भने घाइतेहरूको संख्या निकै बढी छ । त्यसमा पनि गम्भीर घाइतेहरूको अवस्थाले स्थिति गम्भीर बनाएका छन् । श्रृंखलाबद्ध रूपमा भएका घटनाहरूलाई नियन्त्रण गर्न सुरक्षा अधिकारीहरूले पर्याप्त प्रयास नगरेको भनी राष्ट्रपतिले उच्च अधिकारीहरूको राजीनामा माग गरेका थिए । उक्त राजीनामा निकै चर्को दबाबपछि मात्र आएको अन्य अधिकारी बताउँछन् ।

घटना लगत्तै जनताको निकै चर्को दबबाब आएकाले राष्ट्रपति सिरिसेना तनावमा थिए । उनले सुरक्षाको जिम्मा लिन नसकेका उच्चपदस्थ सुरक्षाकर्मीहरूलाई बर्खास्त गरिने पनि बताएका थिए । बर्खास्त गर्ने निर्णय भएकाले तत्काल पदबाट राजिनामा दिन राष्ट्रपति मैत्रीपाला सिरिसेनाले केही उच्च सुरक्षा अधिकारीहरूलाई यसअघि नै निर्देशन पनि गरिसकेका थिए ।

निर्देशनको पालना गर्दै सैन्य कर्मचारीतन्त्रका अति वरिष्ठ सरकारी अधिकारी हेमासिरि फेर्नान्डोले राष्ट्रपति सिरिसेनालाई राजीनामा पठाएका छन् । राजीनामा पत्रमा हेमासिरिले ती श्रृंखलाबद्ध घटना नियन्त्रणमा लिन र उचित सुरक्षा दिन आफू असक्षम रहेको पनि बतााएका छन् । स्रोतका अनुसार उच्च तहका केही अन्य अधिकारी पनि राजिनामाको तयारीमा लागिरहेका छन् ।

३६० जनाको ज्यान जाने गरी भएको आक्रमणसँग सम्बन्धित सन्दिग्ध स्थानहरूमा छापा मार्ने काम पनि गरिएको बताइएको छ । आक्रमणका ‘नाइके’ ठानिएका चरमपन्थी धर्मगुरु जाहरान हाशिमको गृहनगरमा सबै तयारी गरिएको भन्दै त्यहाँबाट आइएसको झण्डा, १५० थान जिलेटिन, हजारौं स्टिलका गेडी र एउटा ड्रोन क्यामरा बरामद गरेको सेनाको प्रवक्तालाई उदृत गर्दै बताइएको थियो ।

## जमेर वार्ता गरे कोरिया र रुसले

काठमाडौं । उत्तर कोरियाली नेता किम जोङ अन र रुसका राष्टपतिले एकआपसमा जमेर वार्ता गरेका छन् । वार्ता सफल भएपछि शुक्रबार नै रुसको सुदूरपूर्वी तटीय सहर भ्लादिभोस्तकबाट किम स्वदेश फर्किइसकेका छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको मैत्रीपूर्ण निमन्त्रणमा उत्तर कोरियाली नेता किम बुधबार निजी रेलमा चढेर रुसको भोस्तक पुगेका थिए ।



उक्त भेटका अवसरमा रुसी राष्ट्रपति भ्लालिमिर पुटिन र नेता किमबीच द्वीपक्षीय हितका कुराहरू भएको बताइएको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र उत्तर कोरियाली नेता किम जोङ अनबीचको यो पहिलो तर निकै न्यानो भेटघाट रहेको बताइएको छ । यो भेटवार्ताले मस्को र प्योङ्याङबीचको सम्बन्ध अझै बलियो र प्रगाढ बनाएको छ ।

भेटवार्ता पनि निकै रोचक छ । दुबै नेताबीच भ्लादिभोस्तकको रुस्की द्वीपस्थित फार इस्टर्न फेडेरल युनिभर्सिटी क्याम्पसमा भेटवार्ता भएको थियो । भ्लादिभोस्तकको सुरक्षा व्यवस्था कडा पारिएको थियो ।

दुई देशका बीचमा वार्ता सकिएपछि रुसी राष्ट्रपति पुटिनले बिहीबार नै भ्लादिभोस्तक छोडेका थिए । पुटिनको यो भेट लगत्तै उनी भ्लादिभोस्तक भएर चीनको बेइजिङतिर प्रस्थानमा लागेका छन् । चीनमा आयोजना हुने बिआरआई अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन पुटिन त्यसतर्फ लागेका हुन् ।

जनाए अनुसार दुबै नेताबीचमा कोरियाली प्रायःद्वीपको सुरक्षा, त्यहाँको संवेदनशीलता र बाह्य हस्तक्षेप, दुई कोरियाबीचको आपसी मैत्री, आणविक अप्रसारका आदिका बारेमा गम्भीर कुराहरू भएका थिए । यसले रुस-उत्तर कोरिया सम्बन्धलाई नयाँ आयाम दिएको भनी पश्चिमाहरूका पत्रपत्रिकाहरूले समेत दिएका छन् ।

भेटमा रुसी राष्ट्रपति पुटिनले कोरियाली प्रायःद्वीपमा उत्पन्न तनाबका सन्दर्भमा आफ्ना तर्फबाट सकारात्मक प्रयत्न जारी रहेको बताएका छन् भने नेता किमले आफू पनि पछिल्लो समयमा सम्बन्ध सुधारमा नै बढी जोड दिएको कुरा बताएका छन् । रुसी राष्टपतिले भनेका थिए- ‘तपाइँको भ्रमणबाट द्विपक्षीय सम्बन्धमा अझ सुधार आउनेछ, र कोरियाली प्रायःद्वीपमा उत्पन्न विविध विषयलाई सम्बोधन गरी राम्रो समाधान खोज्नेतर्फ हामी सफल हुनेछौं । अहिले, विश्वकै ध्यान कोरियाली प्रायःद्वीपमा केन्द्रित भएको छ ।’

## ४ पार्टी...

प्रतिबन्ध लगाएर नेपाल सरकारले आफ्नो भूभाग सुरक्षित भएको नक्सा तयार पार्न हामी माग गर्दछौं ।

३. राजनीतिक पूर्वाग्रहका आधारमा नेकपामाथि जुन प्रतिबन्ध लगाइएको छ, त्यसलाई तुरुन्त खारेज गर्न माग गर्दछौं ।

४. वाइडबडी विमान प्रकरणमा संलग्न भ्रष्टाचारीहरू तथा हालै प्रधानमन्त्री निवाससहित वातुवाटारको जग्गा व्यक्तिका नाममा लैजाने भ्रष्टाचार काण्डमा संलग्न सबैलाई कारवाहीको माग गर्दछौं । एन सेलले तिर्नु पर्ने पर्ने अरबौं रूपैयाँ कर तुरुन्त असुली गरियोस् भन्ने माग गर्दछौं ।

५. तस्करीको ३८ क्वीन्टल र साढे ३३ किलो सुन कहाँ छ ? त्यो सार्वजनिक गरी संलग्नहरूमाथि कारवाही गरियोस् ।

६. कञ्चनपुर भीमदत्त नगरपालिकाकी किशोरी निर्मला पन्तको बलात्कार र हत्यामा संलग्न अपराधीहरूलाई सार्वजनिक गरी कार्वाही गरियोस् ।”

क्रान्तिकारी माओवादीका तर्फबाट महासचिव मोहन वैद्य‘किरण’, नेपाल कम्युनिस्ट पार्टीको तर्फबाट सुलभ, नेपाल कम्युनिस्ट पार्टी (ऋषि कट्टेल)को तर्फबाट अध्यक्ष ऋषि कट्टेल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको तर्फबाट अध्यक्ष सीपी गजुरेल, नेकपा (माओवादी केन्द्र)बाट कर्णजीत बुढाथोकीको हस्ताक्षरमा जारी वक्तव्यको अन्तमा भनिएको छ- “उपरोक्त मागहरू अविलम्ब पूरा गर्नका लागि हामीले यो संयुक्त वक्तव्य जारी गरेका छौं । यसका साथै यही वैशाख २७ गते शान्तिवाटिकामा संयुक्त विरोधसभाको पनि आयोजना गर्ने निर्णय गरेका छौं । उपरोक्त मागहरू सबैका साझा माग भएकाले यो संघर्षमा सामेल हुन हामी सबै जनपक्षीय शक्ति र व्यक्तिहरूलाई समेत आग्रह गर्दछौं ।”

नव वर्ष २०७६ को
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं

छोराछोरीलाई पढाऔं, सभ्य नागरिक बनाऔं,
वडा नं. ५, टिकापुर नगरपालका, कैलाली

कम्प्युटर कक्षा निःशुल्क सञ्चालन गरेकोले इच्छुक भाइबहिनीहरूले सिक्न सक्नुहुन्छ।
वडा नं. ६, टिकापुर नगरपालिका, कैलाली

वडाध्यक्ष- राम शंकर डगौरा थारू
टिकापुर नगरपालका वडा नं. ५, कैलाली

वडाध्यक्ष- वलीराम चौधरी
टिकापुर नगरपालका वडा नं. ६, कैलाली

# मेरो कान्छो अमर फर्केन



खुशीराम पाखिन

सर्वहारावादी पार्टी र तिनको नजिकको मोर्चा, सङ्घसंस्थाहरूका हरेक सभासम्मेलन, मिटिङ, बैठक सुरु हुनुअगाडि देश र जनताको मुक्तिका खातिर प्राणको आहुति दिने महान् शहीदहरूको सम्झनामा एक मिनेट मौनधारण गर्नु कम्युनिष्ट क्रान्तिकारीहरूको अनिवार्य शर्त र नैतिक संस्कारभित्र पर्ने कुरा हो ।

हिजोआज मौनधारणको बेला शहीदहरूलाई सम्झिँदा म पहिलो नम्बरमा खुम्चेको धमिलो टोपी लगाएको हेर्दै निम्नवर्गको बालक भनेर चिन्न सकिने, टीठलाग्दो तर चनाखो टाठो अनुहार परेको, महान् जनयुद्धको पहिलो सहिद दिलबहादुर रम्तेललाई झलझली सम्झन पुग्छु । त्यसपछि सिङ्गो आन्दोलन र पार्टीकै सबैभन्दा उच्च तहका सहिद सरल स्वभावका प्रखर व्यक्तित्व, वैकल्पिक पोलिटव्युरो सदस्य कमरेड वासु आँखाअगाडि नै आउनुहुन्छ ।

त्यसपछि क्रमशः नाम जनेका अनुहार, चिनेका सहिदहरू लस्करै मानसपटलमा आउने गर्छन् । त्यसै क्रममा मेरो कान्छो छोरो अमर पनि आइपुग्छ । अनि म अलि बढी डुबेर घोत्लिन थाल्छु । पातलोपातलो अलि लामो कपाल, निडर र निशङ्कोच रातो वर्णको सर्लक्क परेको अनुहार, खिस्स हाँस्दा दुईतिर माथिल्ला तिखा तिखा दाँत आँखामा आइपुग्छन् अनि म टोलाउँदै भावुक हुन पुग्दोरहेछु । एक मिनेट सकिइहाल्छ । सोचाइलाई धैर्यले ठिक ठाउँमा ल्याउने कोसिस गर्छु ।

रामपुर क्याम्पसको पश्चिम किनारमा उत्तरदक्षिण लस्कर परेका घरहरूको लाइन छ । त्यो लाइन किरणगञ्जमा पर्दछ । त्यो गाउँको पृष्ठभूमि आन्तरिक कथाव्यथाजस्तै भए पनि हेर्दा निकै रमाइलो छ । त्यही बीचमा एउटा सानो छाप्रो घर छ । हो, त्यही हो मेरो घर । त्यसको नाताले कसैले घर कहाँ हो भनेर सोधे भने चितवन, शारदानगर, किरणगञ्ज हो भन्ने गर्छु । त्यही पनि २०३० सालतिर बाउले बनाइदिनु भएको छाप्रो हो । त्यही छाप्रोमा जन्मेको हो मेरो कान्छो अमर ।

आजभोलि त्यो छाप्रो बडो मुस्किलले उभिएको छ । टिनको छानो खिया लागेर कुरूप भइसकेको छ । पानीभित्र घामबाहिर उसको धर्म हो । हिजोआज त्यो धेरै फुच्चे पनि भइसकेको छ । किनभने वरिपरिका घर निकै ठूल्ठूला भइसके । कुनै बेला त्यो छाप्रोभित्रको जीवन कति सुन्दर थियो । एक खालको प्रतिष्ठानजस्तो थियो त्यो छाप्रो, त्यसभित्र पस्दा आर्ट ग्यालरीभित्र पसेकोजस्तो अनुभूति हुन्थ्यो । विविध बाजागाजा सजिसजाउ थिए । कविता सुनाउनेदेखि राजनीतिक छलफल र नृत्य गायनसम्म त्यहीँभित्र हुन्थे ।

कति गीतहरू त्यहीँ जन्मे, कति कलाकारहरू त्यहीँबाट प्रशिक्षित भएर निस्के । देशविदेशका मान्छेसँग चिरपरिचित थियो त्यो छाप्रो । कवि, कलाकार, साहित्यकारहरूसँग घनिष्ट थियो त्यो छाप्रो । कमरेड प्रचण्ड, कमरेड किरण, कमरेड बादल, कमरेड गौरवदेखि पुराना पिँढीका नेताहरू कमरेड काजी, कमरेड भक्तबहादुर सबैसँग चिरपरिचित थियो त्यो छाप्रो ।

वरिपरि घरका बाउहरू कोही जागिर खान गए, कोही लाहुर गए, कोही कतै गए, आफ्नो निम्ति गए । त्यो सानो घरको बाउ दुनियाँ ब्युँझाउनका निम्ति भनेर गितार, मादल बोकेर हिँड्दा ६ महिना वर्षदिनमा कहिलेकाहीँ हात र मुख मात्रै लिएर आउँथ्यो । त्यो घरको बाउ कहिले हुम्लाको चौगन फय र डाँडा फय त कहिले मनाङको खाङसार र थोचे डुलिरहँदा त्यो घरकी आमा, छोराछोरीहरू आफ्नै दुःखसँग पैँठेजोरी खेलिरहेका हुन्थे । त्यो घरका बाउ कहिले गोरखा, लमजुङ, तनहुँमा हिँडिरहँदा, त्यो छाप्रोमा एउटै नाइलनको झुलमुनि आमा र छोराछोरीहरू मात्रै बास बसिरहेका हुन्थे । त्यो सानो छाप्रोको बाउले ती परिवार हरूका बारेमा कहिल्यै सोचेन ।

विसं २०४४ तिर घर आउँदा ठूली छोरी अलि ठूली नै भएकी थिई र बाबुसँगै पहिल्यैदेखि हिँडिरहेने भएकाले अलि नजिक हुन्थी । अरु साना भाइबहिनीहरू बाबुको नजिक पनि पर्दैनथे । को कति कक्षामा पढ्छन्, त्यो पनि बाउलाई थाहा थिएन । सानो घर, थोरै बारी, सानो खेती, श्रम लगानी, अरुले खाएजस्तो कसरी खानु, अरुले लाएजस्तो कसरी लाउनु रु हरेक दिन स्कुल जाँदा कहाँ गएर हुनु तिनको खल्तीमा एक मोहोर, अर्काले बदाम खाँदा अर्काले बरफ चुस्दा कस्तो भयो होला ।

दुःखमा सुखमा बढ्दै गए उनीहरू पुलिस आतङ्कका बीचमा । २०४६ सालमा बाउलाई चारैतिर घेरा हालेर पुलिसले ७ किलोमिटर खेद्दाब धेरै निराश र आतङ्कित भए उनीहरू । २०४६ सालपछि ती कष्टपूर्ण दिनहरू केही सहज बन्दै गए । घर मै बाजागाजा भइरहने हुँदा उनीहरू पनि नाच्न, गाउन, बजाउन चाहिँ थाले, जनयुद्ध नहुँदासम्म प्रायः म घरै हुने गर्थें । त्यो सानो छाप्रोभित्रको जीवन फेरि एकचोटी सुन्दर बन्दै गयो । उनीहरू सबै ठूला ठूला हुँदै गए । ठूलीको विवाह भयो । कान्छी सानोमा लजालु भए पनि ठूली हुँदै गएपछि बोल्न सक्ने टाठी हुँदै गई ।

ठूलो छोरो मेहनती, कडा परिश्रम गर्ने खालको थियो भने कान्छो अमर दाइसँग कहिल्यै नछुट्ने, सँगै सुत्ने, सँगै काम गर्ने, सँगै खेल्ने, सँगै रमाइलो गर्ने गर्थ्यो । बिनासङ्कोच बाउसँग काकाहरूसँग मीठा, गहकिला गफ गर्थ्यो । घरमा दिदीहरू भएर पनि ती दुई भाइले आफूले खाने थाल सधैँ आफै धुन्थे । दाइले भाइलाई माया गरेर लाटो भनेर बोलाउने गर्थ्यो, भाइले दाइलाई भोकचेक भनेर जिस्कन्थे । दाजुभाइको बीचमा कहिल्यै रिसारिस र झगडा भएको पनि थाहा भएन । आफ्नो घरको अवस्था थाहा भएकाले उनीहरूले आफ्नो गच्छेभन्दा माथिको चीज कहिल्यै माग पनि गरेनन् ।

हाम्रा दाजुभाइका छोराहरू सैबै मिलाएर नौ जना थिए । तीन भाइ त्यतिबेला ससाना थिए भने ६ भाइ उत्राउत्रै सँगै काम गर्थे, सँगै हिँड्थे, सँगै खेल्थे, पढ्थे, चाडपर्बमा रमाइलो गर्नुपर्दा दाइहरू कोही ढोलक बजाउने, कोही एनाउन्सर बन्ने, कोही नाच्ने, कान्छो अमरले किबोर्ड बजाउने, कति सुन्दर थिए ती दिन ।

गर्मी महिनामा बेलुकी खाना खाएर आँगनमा गफ गर्न बस्दा बाजे बज्यैदेखि साना नातिनातिनासम्म र आमा बुबाहरू अनि छरछिमेक सबै जम्मा हुँदा साह्रै रोचक विषयहरूमा गफ चल्थ्यो, अति चाख लिएर सुन्थे, रातको १०(११ बजेको चालै पाइँदैनथ्यो । कति रमाइला थिए ती दिनहरू ।

कान्छी छोरी वीरेन्द्र क्याम्पस, दुई भाइ शारदानगर क्याम्पसमा । तीनैजना आइएमा पढ्दै थिए ।

जब पार्टिले जनयुद्धको सत्त घोष गर्योभ, दुश्मनको निगरानी फेरि बढ्दै गयो । बाबु घरमा बसिरहने स्थिति रहने कुरै भएन । त्यो सानो छाप्रो फेरि दुश्मनको निम्ति डाइनेमाइट भएर उभियो । धेरैपटक कमाण्डोले घेरा हाल्न आयो । धेरैपटक सङ्गीन दाग्न आए, ती रमाइला सुन्दर दिनहरूमा फेरि कालो धब्बा लाग्दै गयो । पढ्ने छाँट पनि गतिलो रहेन । कान्छो अमर एक दिन आमासँग अलिकति पैसा लिएर एक्लै घरबाट निस्केर हिँडेछ, कहाँ जाने भन्ने गन्तव्यको ठेगान पनि के रह्यो र रु लुम्बिनी पुगेर बौद्धिष्टहरूले पूजा गरिराखेको गुम्बामा टोलाएर हेरिरहेको रहेछ र त्यो रात त्यहीँ बिताउने तरखर गरेछ ।

चिनेको कोही छैन । किन आएको रु धर्म गर्न हिँडेको मान्छे पनि होइन । त्यसपछि त्यहाँको पालेले त्यहाँ बस्न दिएनछ र रातभरी बाहिर कतै रात काटेछ । कहिल्यै घर नछाडेको मान्छे, आमाको काख नछोडेको मान्छे । भोलिपल्ट बिहान उज्यालो हुने बित्तिकै घर फर्केछ । बेलुका घर पुग्नासाथ आमालाई झम्टेर आमाछोरा अङ्कमाल गरेर रोएछन् । उसलाई घरको अवस्था र आफ्नो भविष्यको निकै चिन्ता थियो त्यतिखेर ।

एकपटक म गिरफ्तार भएर मलाई यातना दिने बेला तेरा छोराछोरी के गर्छन् भनी सोधे । तेरो घरमा लास पल्टाइदिन्छु भने भतुवाहरूले ।

मैले उल्टै प्रश्नी गरेँ -'तेरो बाउको लास पल्टाएका थिए मेरा छोराछोरीलेरु' पछि पुनरावेदनले छुटाएपछि पनि म्याद टाँस्न नछोडेपछि टाढै जानुपर्ने भयो । उनीहरू पनि दिदीभाइ पार्टीमा कस्सिएर लाग्ने निधो गरेछन् । सुरुसुरुमा पार्टीको योजनाअनुसार फटाहालाई कारबाही गर्ने क्रममा दुईचारजना फटाहाको करङ र खुट्टा भाँच्ने काममा राम्रै भूमिका निभाएछन् । पछि दिदी सङ्गठनमा र ऊ चाहिँ सेनामा रही गण्डकतिर खट्न थालेछन् ।

कास्कीको डाँडा नाक चौकी, गोरखाको भच्चेक, नवलपरासीको सुनवल कब्जा गर्दा एसल्ट ग्रूपमै बसेर सानदार वीरतापूर्ण लगाईँ लडेछ उसले । ऊ इमान्दार थियो, ऊ मिलनसार थियो, ऊ जाँगरिलो र अध्ययनशील थियो । २०५९ सालतिर म प्रवासबाट भित्र आएपछि शाही सेनाको आतङ्कका कारण आमा पनि मसँगै राप्ती क्षेत्रतिर जानुपर्ने भयो ।

विसं २०६० सालको असारतिर अखिल नेपाल जनसाँस्कृतिक सङ्कको दोस्रो राष्ट्रिय सम्मेलनमा हामी काठमाडौं आउँदा आमाछोराको भेटघाट भएको रहेछ । मसँग त २०५५ साल माघदेखि भेट भएको थिएन । ऊ त भौतिक रूपमा पनि केही फरक, वैचारिक रूपमा पनि धेरै परिवर्तन भइसकेको रहेछ ।

धेरै वर्षपछि बाउसँग भेट्न पाउँदा र आमाको मातृममताको न्यानो पाउँदा ऊ धेरै खुसी थियो । हामी पनि औधि खुसी भयौं । घर गाउँका ती रमाइला दिनहरू, दुःखसुखका क्षणहरू, माया गर्ने दाइभाइहरूको साथ छोडेर ऊ साँच्चै सर्वहारावर्गको मायामा रमाइसकेको रहेछ । भोलिपल्ट सम्मेलनस्थलतिर जाँदा पनि हामी एकान्तकुनासम्म सँगै गयौँ । उसलाई बाबु पार्टीको के हो भन्ने पनि थाहा रहेनछ । बुझ्ने जिज्ञासा राखेपछि मैले बताएँ । ऊसँग एक किसिमको जोस र जाँगर स्पिरिट देखिन्थ्यो । सम्मेलन हलमा पछिल्लो लाइनमा शारदा दिदीसँगै बसेको थियो ऊ ।

मैले एउटा गीत 'नरुनुस् आमा लड्दालड्दै ढलेको छोरालाई सम्झेर' गाउँदा खूब ध्यान दिएर सुनिरहेको थियो । ९त्यो गीत अहिले उसैको लागि लेखेको जस्तो हुन पुग्यो० । जनमुक्ति सेनाको सैन्य फर्मेसनभित्रको साँस्कृतिक रिपोर्ट अत्यन्त टाठो र स्पष्ट ढङ्गले उसैले राख्यो, उसको रिपोर्ट सुनेर सेनाको आलोचना चर्को भयो भनेर कतिपय वरिष्ठ साहित्यकारहरू कम डराएनन् । को हो त्यस्तो चर्को बोल्ने रु भनेर सोधेको जबाफमा पाखिन दाइको छोरो भन्दा 'हँ' गर्नुभएको थियो ।

जाने बेलामा म बैठकमा बस्नुपर्ने भएकाले चितवनसम्म भए पनि सँगै जान पाएन उसले । उसले विवाहका लागि प्रस्ताव गरेको केटीको फोटो देखाएर मालेमावादी विचारका आधारमा एकअर्कालेमन पराएको कुरा राख्दै पार्टीमा निवेदन दिएको बतायो र मलाई पनि स्वीकृति माग्यो । मेरो तर्फबाट पनि सहजै स्वीकृति दिइयो । उसले पुरानो परम्परा तोड्दै अन्तरजातीय विवाह गर्ने अठोट गरेको रहेछ ।

मैले कहिलेकाहीँ अरुको गीत सुन्नुपर्ने भएकाले सस्तो खालको वाकमेन किनेको थिएँ । त्यस्ता चीजहरू गोजीमा राखेर कानमा एअरफोन लगाएर सुन्ने रहर त युवाहरूलाई हुन्छ, उसलाई पनि रहर थियो कि । आवश्यकताले गर्दा मैले उसलाई चाहेर पनि दिन सकिन । मेरो बाटो खर्च कटाएर अलिकति पैसा दिएँ । मैले उसले थुप्रै साथीहरूसँग बसेका र सेना फर्मेसनका फोटाहरू प्रिन्ट गरेर ल्याएको रहेछ । ती फोटाहरू पनि मलाई देखायो । युद्धविरामको बेला भए पनि दुश्मनको निगरानी कम थिएन । वार्ता तोडिएलाजस्तो हुँदै थियो । ँबाटोमा चेक हुन्छ, फोटोहरू अलि लुकाएर लानू भनेर मैले उसलाई सम्झाएँको थिएँ ।

उसले केही हुँदैन, के डर भनेर मेरो कुरालाई ख्यालका रूपमा लियो । त्यो नै हाम्रो अन्तिम भेट भनूँ वा अन्तिम विदाइ थियो । टुँडिखेलमा हात मिलाएर विदा भयो ऊ । एक जना साथीको साथ आमासँगै नारायणघाटसम्म गएर र आमासँग पनि विदा लिएर आफ्नो कार्यक्षेत्रतिर लागेछ ऊ । केही दिनपछि हामी पनि रोल्पा गयौं । माघ फागुनतिर उनीहरूको विवाह भएको रहेछ । ढिला गरी समाचार सुन्नमा आयो । पछि युद्धविराम भङ्ग भयो । हामी भने राप्तीका गाउँहरूमा विभिन्न अभियानहरूमा लागिरहेका थियौँ । हुँदाहुँदै चैत्र लाग्यो । पार्टीको योजना फौजी कारबाहीहरूलाई पूर्वदेखि पश्चि मसम्म ब्यापक र घनीभूत पार्नु थियो । रणनीतिक सन्तुलनबाट राजनीतिक, फौजी रूपमै प्रत्याक्रमणतिर छलाङ हान्नु थियो ।

त्यसैक्रममा एउटा केन्द्रीकृत कारबाहीको योजना आयो, त्यो बेनी हान्ने योजना थियो । त्यस क्षेत्रमा क्षेत्रीय साँस्कृतिक टोलीहरू पनि स्वयम्सेवकको निम्ति तयारीमा जुट्यौँ । म पनि पहिलो ब्रिगेडसँगै जोडिएर बेनी आक्रमणका लागि तयार भएर गएँ । आक्रमण ७ गते बेलुकी १०स३० देखि ८ गत एघार(बाह्र बजेसम्म चलिरह्यो । म भने बिहान पाँच बजेतिर खोन्चोङ(खोन्चोङ हिँड्न सक्ने घाइतेहरूलाई डोर्याउँदै तातोपानी हुँदै दरबानतिर आउँदै थिएँ त्यो दिन । रिट्रिट ताँतीमाथि दुश्मनले हवाई फायरिङ गरिरह्यो । लुक्ने छिप्ने अनुकूलता केही थिएन । नलागे बाँच्ने हो त्यति हो उपाय । जे होस्, हाम्रो ग्रूपलाई लागेन ।

हो त्यही चैत्र ८ गते मेरो कान्छो अमरको लमजुङमा सहादत भएको रहेछ । हामी बेनीबाट फर्केपछि रोल्पामा १० तिरबाट दुश्मन पस्यो । हामी भने सल्यानतिर गएर साँस्कृतिक प्रशिक्षणमा जोडिन पुग्यौं ।

सल्यानको एउटा गाउँमा प्रशिक्षण दिँदै थिएँ । एकजना साथीले त्यति संवेदनशील विषय पनि हल्का ढङ्गले दोर्जे गोली लागरे ढलेको कुरा सुनायो मलाई । त्यत्रो युद्धको बीचको समाचार अपुस्टजस्तो भए पनि हुन सक्ने कुरा पनि भयो । त्यति विश्वादस पनि लागेन । तर, मनभरी गोलमाल भने मच्चियो । सबैले थाहा पाउने गरी त्यति भावुक भइएन । एक महिनाको नाति बोकेको दीपासँगै उसकी आमा पनि रोल्पाबाट सल्यान आइपुगिछन् । त्यस्तो अपुस्ट समाचार उनले पनि सुनेकी रहिछिन् । फेरि पनि नहुन पनि सक्छ भनेर उनको मन थमथमाउने काम भयो । तर, हाम्रो मनभरि पीडाको बाढी त उर्लिरहेकै थियो ।

एउटा गाउँमा मगरात स्वायत्त जनसरकार प्रमुख सन्तोष बुढा आउनुभएको रहेछ । त्यहीँ उहाँसँग भेट भएपछि गम्भीरतासाथ समाचार पुष्टि भएको कुरा उहाँले राख्नुभयो । उसकी आमाले कसरी मन थाम्न सक्नु । त्यस दिनदेखि हाम्रो निम्ति धर्तीमा घाम लागेन । सपनामै हिँडिरह्यौँ । सन्तान गुमाउनुको पीडा भोग्नेलाई थाहा हुँदोरहेछ । हामी कति रूनु रु जति रोए पनि धोको नपुग्ने भएपछि । युद्ध लड्न हिँडेका मान्छेहरू दुनियाँले देख्ने गरी कति रूने रु पीडालाई दाह्रा किटेर पाइतालाले दबाएर हिँडिरह्यौँ । दुश्मनको आँखा छल्दै हिँडिरह्यौँ । मानसिक पीडाको कारण हामी भौतिक रूपले पनि कमजोर बन्दै गयौँ । लामालामा उकालोहरूमा धेरै सास्तीहरू खेप्नु पर्यो ।

त्यही पीडाको बीचमा एउटा कार्यक्रम पनि सेट गयौं । निकै उत्कृष्ट नै भएको रहेछ । त्यो पार्टी केन्द्रीय बैठकका लागि थियो । त्यही केन्द्रीय बैठककै बेला फुन्टवाङमा अध्यक्ष का। प्रचण्डसँग भेट हुँदा हार्दिक समवेदना प्रकट गर्नुभयो । सबैजसो कमरेडहरूले समवेदना प्रकट गर्नुभयो मलाई । पार्टीको व्यस्तता, दुश्मोनको चापले गर्दा बुहारीसँगको भेटघाट धेरै पछि मात्र भयो । मगरात साँस्कृतिक टोलीको प्रशिक्षणको दौरान ठिक एक वर्ष १३ दिनमा राङकोटमा उक्त गाउँका क्रान्तिकारी जनसमुदायबीच उसको शोकसभाको आयोजना गर्यौँ । तर त्यहाँ एक जना पनि सीसीएमको उपस्थिति थिएन । त्यतिबेला सबै खारा कारबाहीमा व्यस्त थिए ।

ऊ पहिलो वार्ताकालमा भरुवा बन्दुक बोकेर जनमुक्ति सेनामा प्रवेश गरेको रहेछ । जनमुक्ति सेनाको प्लाटुन कमाण्डर हुँदै वासुस्मृति ब्रिगेड कार्यालयमा काम पनि गरेको रहेछ र पछि फोजी फर्मेसनभित्रकै एउटा साँस्कृतिक टिमको अध्यक्ष भएको रहेछ ।

लमजुङको चिति भन्ने गाउँमा सेन्ट्री बस्दै गर्दा घेरामा परेछ । मिटिङ बसिरहेका साथीहरू बचाएर ऊ ढलेछ । गोली लागेर छट्पटिँदै साथीलाई भनेको थियो रे ('तिमीहरू बच्ने काम गर, मेरो चिन्ता गर्नुपर्दैन, भौतिक रूपले म बाँच्दिन ।' त्यसपछि उसको भौतिक जीवनको अन्त्य कसरी भयो रु म कल्पना पनि गर्न सक्दिन । पछि शत्रुले अर्को साथीलाई पनि समातेर हत्या गर्यो रे ।

ऊ सरल स्वभावको साहसी र इमान्दार युवा थियो । वर्गदुश्मनप्रति तीव्र घृणा र बदलाभावले जोसिइरहने मान्छे थियो । पार्टी र क्रान्तिप्रति एकरत्ति दायाँबायाँ गर्नु हुन्न भन्ने मान्यता राख्थ्यो उसले । जनताको गीत लेख्न, जनताको निम्ति नाच्न, गाउन, बजाउन, जे पनि गर्न तत्पर थियो ऊ । ऊ एउटा क्रान्तिकारी विचारले सुसज्जित युवा थियो । उसले पनि आफ्नो स्वार्थका निम्ति कहिल्यै सोचेन होला ।

ऊ जोरीपारीहरूको समेत मिलनसार प्यारो साथी थियो । साना नानीहरूको प्यारो अङ्कल थियो । दाइ दिदीहरूको प्यारो भाइ र आमाबुवाको प्यारो कान्छो सन्तान थियो । दुःखी गरिब जनताको निम्ति जीवन अर्पण गर्न तत्पर कुशल योद्धा थियो ।

दुःखको कुरो १ का। प्रचण्डलाई प्रत्यक्ष देख्ने उसको धोको पूरा हुन पाएन । उसलाई कलासम्बन्धी शास्त्रीय ज्ञान, मार्क्सवादी प्रगतिवादसम्बन्धी दक्ष बनाउने मेरो सपना अधुरो हुन पुग्यो । भौतिक रूपमा उसले आन्दोलनको लामो अनुभव गर्न पाएन । अब उसको भौतिक शरीर हाम्रो सामु रहेन । अन्त्यमा, कान्छो अमरप्रति हार्दिक श्रद्धाञ्जलि ! सबै वीर सपूतहरूप्रति श्रद्धाञ्जलि !अहिले पछिल्लो युद्धविरामपछि सबै साथीहरू घरमा भेटघाट गर्न जाने ओइरो चल्दा हामी पनि त्यो सानो छाप्रोमा आयौँ । हामी आउँदा एकचोटि सबै खुसी भयौँ । तर, कान्छो अमर आएन । त्यो सानो छाप्रो घर फेरि खुसी भएन । अन्त्यमा त्यो सानो कलाकारका यी गीतका पङ्क्तिहरू उल्लेख गरी त्यो सहिदलाई सलामी चढाउँदै विदा हुन्छुः

*हामी भन्छौँ रगतको टीका लगाएर*
*हामी भन्छौँ राइफल काँधमा सजाएर*
*जनयुद्ध जिन्दावाद !*
*मार्क्सवाद, लेनिनवाद, माओवाद जिन्दावाद !*
*प्रचण्डपथ जिन्दावाद !*

*रातो झण्डा फरफराउने हामी हौँ जनमुक्ति सेना*
*वर्गदुश्मनसँग भिड्ने योद्धा हौँ हामी लालयोद्धा हौँ*
*यो विद्रोहको ज्वालाको लड्ने हामी योद्धा हौँ*
*हामी भन्छौँ !!*

*सर्वहारा जनताको युद्ध हो यो जनयुद्ध हो*
*नयाँ युगको नयाँ क्रान्ति हो साँस्कृतिक क्रान्ति हो*
*या नयाँ युग जन्माउने रक्तपात युद्ध हो*
*हामी भन्छौँ !!*

*जनताको उर्लँदो यो भेल हो जनक्रान्ति भेल हो*
*मृत्युलाई जित्न सक्ने खेल हो जनक्रान्तिको खेल हो*
*यो मृत्युलाई जित्न सक्ने रक्तपूर्ण खेल हो*
*हामी भन्छौँ !! (साभारः जनयुद्धका संस्मरणबाट)*

कविता

## मूर्दा घाटको यात्री



● अशोक शर्मा

स्वाभिमानको मेरो यात्रामा
बाध्यताको काँढेतार लगाउने धृष्टता नगर
मेरो नवीन विहानीप्रतिको अगाध आस्थामाथि
धेरै गद्दारी र दलालीका फलामे साङ्लाहरू नफाल
मेरो महासागर तर्ने अनगिन्ति सपनाहरूमाथि
धेरै जाल र बल्छीहरू नफाल
एकदिन तिमीले फालेको बल्छीमा परेर
तिमी आफै
न्यायको कठघरामा फलामे साङलाले बाँधिने छौ
अनि त्यस बखत,

तिमीले बिछ्याएका काँढे तार र खडा गरेका पर्खालहरू
बन्ने छन् तिम्रै लागि निशब्द जेल र आधुनिक बन्दीगृह
हो, मृत्युपथका तिमी यात्री,
जीवनभावका एक नग्न मलामी
तिम्रालागि आर्यघाटतिरको यात्रा र बाटो
जति सजिलो उति नै प्रिय छ

खैर, केही छैन, तिमी त्यतै गयौ र जाऊ
तिमीलाई श्रद्धाञ्जली वा शुभकामना
जे जे भन्छौ, त्यही त्यही दिँदै जाउँला
तर मेरो सगरमाथा चढ्ने महान् अभियानमा
कृपया भ्रमको पहाड र अबरोधको पर्खाल खडा नगर
यी दुबै पहाड र पर्खाल एक दिन अवश्य ढल्ने छन् ।

हो, यी भ्रमका पहाड ढलेका दिन
अनि अबरोधका पर्खाल भत्केका दिन
रहने छैनन् तिम्रा अघिपछि गर्ने मलामीहरू
न त तिमीलाई तर्पण तार्पण गरी दागबत्ति दिने
न त रहने छन् आर्यघाटका मसानरूपी तिम्रा सन्तती

हो, त्यति बेला,
कोही पनि रहने छैनन् तिमीसँग
केवल एउटा यादले मात्र साथ दिने छ तिमीलाई
त्यो हो, बंकरभित्र हिटलरको विभत्स आत्महत्या
अनि नाजीवाद र फासीवादको मृत्यु कथा
हो, महाशय

तिमी र म
अलग गन्तव्यका फरक यात्री
अलग योजना र फरक उद्देश्यका दुई भन्न सारथी
तसर्थ, तिमी आफ्नो बाटोमा लाग
मलाई मेरै बाटोमा हिंड्न देऊ

किन कि
मलाई मेरै बाटोमा फूल्ने गुराँसका फूलहरूसँग रमाउनु छ
मखमली र लालुपातेको सुगन्धतासँग हाँस्दै हसाउँदै
चाँप र मखमली फुल्ने फाँटहरूमा
भमरा र महुरीहरूसँग हराउँदै ' हराउँदै
तराइका फाँटहरू अनि पहाडका खोचहरूमा
नअल्झिइकन अगाडि बढ्नु छ ।
यात्राको निरन्तरतामा बग्दै बग्दै
हिमालको काँखमा हाँस्नु छ
अनि गन्तव्यको मनमोहक शिखर चुम्दै चुम्दै
गतिशील यात्राको मापविहीन उचाइ चुम्नु छ

यसरी यसरी नै,
हाँस्दै गाउँदै, नाच्दै रमाउँदै
प्राकृतिक नवीन सुन्दरतासँग लुकामारी खेल्नु छ
र, यसरी निरन्तरताको बहाबमा
कर्तव्यपथको यात्रालाई छिचोल्दै
जिम्मेवारीको पहाड बोकेर अगाडी बढ्नु छ
अनि गन्तव्यको महान् सगरमाथामा
क्रान्तिको महान् तथा रक्तिम झण्डा फहराउनु छ
हो, यो यात्रामा अब तिम्रो उपस्थिति
नहुनुको अभाव र हुनुको गर्वबोध
हुँदै चीज इतिहासको गर्भमा सिमित भए

त्यसैले त अब
तिमी र म,
अलग गन्तव्यका फरक यात्री !
अलग योजना र उद्देश्यका फरक फरक सारथी !
हो, म सगरमाथाको अविचलित यात्री !
र, तिमी मूर्दाघाटको मलामी !

**भर्ना खुल्यो । भर्ना खुल्यो । भर्ना खुल्यो ।**

नेपाल सरकार शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट कैलाली क्षेत्र नं. १ र २ मै प्राविधिक तथा व्यवसायिक शिक्षामा सर्वप्रथम अनुमति प्राप्त गर्न सफल यस श्री कर्णाली मावि टिकापुर-१, कैलालीमा शैक्षिक सत्र २०७६ का लागि प्राविधिक तथा व्यवसायिक शिक्षा अन्तर्गत सिभिल इन्जिनियर विषयमा कक्षा ९ मा भर्ना खुलेकोले सहर्ष जानकारी गराउँदछौं ।

**भर्ना कार्यक्रम**
फारम वितरण -२०७६ १- ११ देखि २५ गतेसम्म
आवश्यक कागजातहरू - कक्षा ८ उतीर्ण गरेका प्रमाणपत्रको प्रतिलिपि-१, पासपोर्ट साइजको फोटो-२ थान,
प्रवेश परीक्षा- ०७६ १ २८ गते विहान १० बजे
भर्ना सुरु- ०७६ १ ३० गते
सिट संख्या ४८ जना मात्र
सम्पर्क नं. ०९१ ५६१४११, सम्पर्क समय : विहान १०-४ बजेसम्म

**श्री कर्णाली मावि**
टिकापुर-१, कैलाली

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## पहिचान...

सर्वसाधारण जनतामाथि लगाएको र वृढी गरिएको कर खारेज गरियोस् । एनसेलबाट उठ्नु पर्ने अरबौं रूपैयाँको कर राज्यले अविलम्ब असुल गरियोस् ।

१३. स्वास्थ्य, शिक्षा, रोजगारी र खाद्य संप्रभुतालाई मौलिक अधिकारका रूपमा व्याख्या गर्ने मात्र होइन, व्यवहारमा लागु गरियोस् ।

१४. सरकारले विपक्षी राजनैतिक पार्टीहरूलाई दमन गर्ने क्रममा नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहमाथि लगाएको प्रतिबन्धको तत्काल हटाइयोस् र हाम्रो संगठन लगायत अन्य राजनैतिक पार्टीका नेता तथा कार्यकर्ताहरूलाई प्रशासनद्वारा गिरफ्तार गरेर झुठ्ठा मुद्दा लगाउने र मुद्दा मामिलामा फसाउने कार्य रोकी वहाँहरूको विना सर्त तत्काल रिहाई गरियोस् ।

१५. सन् १९४७ को नेपाल-भारत-वेलायत बीच भएको गोर्खा भर्ती सम्बन्धी त्रिपक्षीय सन्धी खारेज गर्न, ब्रिटिश गोर्खा भूतपूर्व सैनिकहरूप्रति वेलायत सरकारले गरेको अन्यायपूर्ण र असमान नीति र व्यवहारका विरुद्ध उनीहरूले उठाएका मागहरू तत्काल पुरा गर्न र वेलायत सरकारको थप गोर्खा रेजीमेन्ट बनाउने र नेपाली महिलाहरूलाई समेत भर्ती गर्ने नीति आपत्ति जनक रहेकोले त्यसमाथि तुरुन्त रोक लगाइयोस् ।

१६. सुपुर्दगी, संगठीत अपराध, आपसी कानूनी सहायता ऐन र सम्पति सुद्धीकरण ऐन खारेज गरियोस् ।

१७. वाइड वडी हवाइजहाजमा भएको अरबौं भ्रष्टाचारका दोषीमाथि तुरुन्त कार्वाही गरियोस् र ३८ क्वीन्टल र साढे ३३ किलो सुन तस्करीका मुख्य दोषीलाई कार्वाही गरी सुन सार्वजनिक गरियोस् ।

१८. गैर न्यायिक सडक विस्तार, आउटर रिङ्गरोड, स्याटालाइट सिटी, स्मार्ट सिटी निर्माणले काठमाडौं उपत्यकामा रहेका समस्या समाधान गर्न होइन, देशैभरीबाट पुनः काठमाडौं उपत्यकामा लाखौंको संख्यामा आप्रवाशन बढाई थप गंभीर समस्था थोपार्ने काम हो । त्यसैले यी आयोजनाहरू तुरुन्त खारेज गरियोस् । फास्ट ट्र्याकको मूल स्टेशन (जेरो प्वाइन्ट) र सुख्खा बन्दरगाह ऐतिहासिक नेवाः वस्ती बाहिर काँठ क्षेत्रमा लगियोस् । जग्गा दलालहरूलाई काठमाडौं उपत्यकामा जग्गा प्लटिङ्ग गर्ने काममा प्रतिबन्ध लगाइयोस् । काठमाडौं उपत्यकामा बसाईंसराइसहितको आप्रवासन तुरुन्त बन्द गरियोस् ।

१९. विकास निर्माणको नाममा काठमाडौं उपत्यकाका रैथानेहरूलाई विना मुआब्जा उठिवास गराउने तथा साँस्कृतिक सम्पदा नष्ट हुने गरी वा त्यसमा गंभीर असर पर्ने गरी गरिएका काम तुरुन्त बन्द गरी विकास निर्माणलाई वैज्ञानिक मान्यताका आधारमा गरियोस् ।

२०. ३ नं. प्रदेशमा नेवाः, तामाङ लगायत यस प्रदेशका मातृभाषाहरूलाई शिक्षाको माध्यम र कामकाजी भाषाका रूपमा व्यवहारमा प्रयोग गरियोस् ।

२१. काठमाडौं उपत्यका लगायत देशका विभिन्न ठाउँमा गुठी जग्गा, पोखरी, सार्वजनिक जमिन, सत्तल र बालुवाटारको सरकारी स्वामित्वमा रहेको जमिनलाई निजी बनाई किनबेच गर्नेहरूलाई कडा कार्वाही गरी तिनलाई पूर्व स्थितिमा ल्याइयोस् ।

२२. पत्रकारलाई समाचार लेखेकै आधारमा साइबर कानून लगाई गिरफ्तार गर्ने , थुनछेक गर्ने कार्य अबिलम्ब बन्द गरियोस् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित पार्ने सबै कानून तथा संहिता खारेज गरियोस् ।

२३. स्वदेशमै उत्पादित तथा आत्मनिर्भर खाद्यान्न लगायत उपभोग्य वस्तुहरूको विस्थापन हुने गरी विदेशबाट प्रतिस्थापित वस्तुहरूको आयात बन्द गरियोस् ।

२४. सामन्ती भूस्वामित्व अन्त्य गरियोस्, भूमिको खण्डिकरण तुरुन्त रोकी किसानहरूका लागि मल, बीउ, बजारको ग्यारेण्टी गरियोस् र कृषिजन्य खाद्य पदार्थमा बढ्दै गएको विषादी प्रयोगको नियन्त्रण गरियोस् ।

२५. जनयुद्धकालीन मुद्दाहरू पुनः ब्युँताउने प्रतिगामी कार्य तत्काल बन्द गरी सहिद, वेपत्ता योद्धाका परिवार र घाइतेहरूलाई तुरुन्त राहत र क्षतिपूर्ति व्यवस्था गरियोस् । गणतन्त्र स्थापना गर्न जीवनको आहुति दिने जनयुद्धका महान् शहिदहरूलाई राज्यद्वारा शहिद घोषणा गरियोस् ।

हाम्रा यी समसामयिक मागहरू लगायत देजमो केन्द्रले पेश गरेको ९४ बुँदे मागहरू, जुन स्मरणका लागि यसैसाथ संलग्न गरिएको छ, लाई राज्यले गंभीरतापूर्वक लिई पुरा गर्न ठोस कदम चालिने विश्वास गर्दछौं । यदि यी मागहरू पुरा गरिएनन् भने हाम्रो अगाडि संघर्ष बाहेक अर्को विकल्प नरहने कुराको हामी सरकारलाई हार्दिकतापूर्वक पुनः अगवत गराउन चाहन्छौं । धन्यवाद ! २०७६/१/१५

*पवनमान श्रेष्ठ– अध्यक्ष*
*(देजमो प्रदेश नं. ३ द्वारा प्रदेश मुख्यमन्त्रीमार्फत् प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्र))*

## प्रलेस...

सम्वद्ध लेखकहरू पनि संसोधनवादी बाटो पकडेको र लेखनकर्म पनि जबजबाट माथि नउठेको पक्कै हो । उनीहरूले साहित्य लेखनमा आलोचनात्मक यथार्थवाद र केही शीर्षतहका लेखकहरूले समाजवादी यथार्थवादलाई प्रस्थानविन्दू बनाएता पनि व्यवहारतः उनीहरूले राजनीतिक रूपमा यथास्थितिवादको पक्षपोषण गर्न पुगेका छन् । उनीहरूमा शब्द र कर्मका बिचमा तादात्म्यता पाइँदैन बरू पर्खाल खडा भएको छ । तसर्थ वैचारिक मतभेद पहिला पनि थियो । तर राजनीतिक परिवर्तनका सन्दर्भमा माओवादी धारा र एमाले धाराका बिचमा नामकै भएपनि गणतन्त्र स्थापनासम्म एक ठाउँमा हुनाले कतिपय सवालमा साझा मोर्चाबाट लड्नु पर्ने मुद्दाहरूमा केही समानता भएकाले विगतमा प्रलेसमा सँगै बसेको कुरा हो ।

साझा मोर्चाको नेतृत्व त कहिले कस्को कहिले कस्को हुनु स्वाभाविक भएकाले एमालेका लेखकलाई अध्यक्ष मानेर माओवादीहरू तल्लो तहमा बस्नु अन्यथा कसरी हुन्छ र ? साझा मोर्चालाई उपयोग गर्नु प्रमुख कुरा हो । यस्तो त पहिला पनि चलेकै थियो । जनयुद्धको महान् भट्टीबाट आएका लेखक कवि, कलाकार तथा नेपालको प्रगतिवादी आन्दोलनका दोस्रो पुस्ताका लेखकहरूको वर्चस्व माओवादी धारामा हुनुले पनि प्रलेसलाई सांस्कृतिक आन्दोलनको एउटा साधनका रूपमा लिन सकिन्छ भने उपयोग गर्नु ठिक छ भनेर गरिएको कुरा थियो ।

यस सन्दर्भमा एकजना माओवादी धाराका तर स्वतन्त्र रहेका शीर्षस्थ लेखकले हिज एमालेसँग प्रलेसको नेतृत्वमा रहेर क्रान्तिकारी माओवादीका लेखकहरूले के के गर्न सके भनेर एउटा अनलाइन मार्फत् प्रश्न उठाएका पनि छन् । त्यतिबेला मिल्न सक्ने कतिपय एजेण्डाहरूमा क्रान्तिकारी धारालाई प्रभावी बनाएर लगिएको पनि हो । साझा मोर्चामा सबै कुरा माओवादी आन्दोलनका एजेण्डा मात्रै लागू हुनुपर्छ भन्ने पनि त नहोला । सबैका आआफ्नै पार्टीका बुझाई र एजेण्डा हुनु र त्यसअनुसार पार्टीबाट प्रतिनिधित्व गर्नेले आआफ्ना अडानमा रहनु पनि त स्वाभाविकै होला । जो कुरा आफ्नो टिप्पणीमा ती लेखकले पनि स्वीकार गरेका छन् ।

सङ्गठनात्मक आन्दोलनमा बसेर गरिने बहस, वादविवाद एवम् सङ्घर्ष र सङ्गठन भन्दा बाहिर किनारामा बसेर सबैतिर औंला ठड्याएर आलोचना गर्ने कुरा एकै हुन सक्दैन । भन्ने बेला मित्र शक्ति र शत्रु शक्ति फरक हुन् भन्ने तर मित्र र शत्रुलाई एउटै डालोमा हालेर समान आलोचना गर्ने कुरा मार्क्सवादी विचारधारा भित्र पर्छ कि पर्दैन यो लेखकले भेउ पाउन सकेको छैन । बरू त्यतिबेला पनि प्रलेसको आयु अब क्रमशः समाप्त हुँदै छ भन्ने छलफल पनि चलेकै थियो । ढिलोचाँडो यसको विघटन हुनुको विकल्प थिएन । किनकि नेपालका कम्युनिस्ट पार्टीहरूमा सिद्धान्त, विचार, राजनीति, सांस्कृतिक चिन्तन र व्यवहार तथा बुझाई दुई विपरित ध्रुवतिर बढ्दै गएको थियो ।

त्यसको प्रभाव लेखकीय आन्दोलनमा पर्नु स्वाभाविक र आवश्यक नै थियो । यतिखेर झन् जनयुद्धबाट आएको माओवादी धाराको ठूलो सङ्गठनात्मक शक्ति सैद्धान्तिक रूपमा एमालेमा विलय भएपछि प्रलेसमा उनीहरूको वर्चस्व बढ्नु र एमालेको विगतदेखिकै दादागिरी रहनुले अब प्रलेस प्रगतिशील पनि नहुने कुरा स्तहसिद्ध नै छ ।

विशेषतः हामी मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवादी र सर्वहारा सांस्कृतिक क्रान्तिका पक्षधरहरूले प्रलेस बहिष्कार गरिसकेपछि अब के गर्ने भन्ने प्रश्न सतहमा उठ्नु स्वाभाविक र आवश्यक छ । प्रलेसको बहिष्कार र अबको सांस्कृतिक आन्दोलनको साझा मोर्चा निर्माण बारे नेपाली समाजमा बहस सुरु भएको छ । यो आवश्यक पनि छ । प्रलेसबाट अलग्गिनुलाई हामीले ठूलो विजय प्राप्त गरेको मानेका पनि छैनौं र मान्न जरुरी पनि छैन । यो कम्युनिस्ट आन्दोलन भित्रको स्वाभाविक पाटो र प्रकृया नै हो ।

बहिष्कार गर्नेहरूमा हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)को सांस्कृतिक सङ्गठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घमा आवद्ध भएका लेखक साहित्कारहरू सँगै नयाँ जनवादी क्रान्ति पक्षधर पार्टीका तथा केही स्वतन्त्र लेखकहरूको समूह पनि रहेका छन् । सम्मेलनको मुखैमा आएर ढिलै भएपनि विप्लव नेतृत्वको नेकपा र ऋषि कट्टेल नेतृत्वको नेकपा सम्वद्ध लेखकहरूले पनि प्रलेसबाट अलग्गिएका छन् । यो खुसीको कुरा हो । विचारधारात्मक रूपमा नजिक भएका सांस्कृतिक सङ्गठन र लेखकहरूका बिचमा अब व्यापक र गहनतम छलफल हुन जरुरी छ ।

हाम्रो सांस्कृतिक सङ्गठनको नेतृत्व र पहलमा विप्लव र कट्टेल नेतृत्वका नेकपाहरूसम्वद्ध लेखकहरू, मसाल तथा पछिल्लो समयमा प्रचण्ड नेतृत्वको माओवादी केन्द्रबाट अलग भएका सङ्गठित असङ्गठित लेखकहरूका बिचमा सम्मेलन पूर्व डेढ महिना अगाडि नै अबको सन्दर्भमा प्रलेसमा सहभागिताका विषयमा छलफल चलाइएकै हो । त्यतिवेला विप्लव नेतृत्व र कट्टेल नेतृत्वको नेकपा र मसालसम्वद्ध लेखकहरूले अहिले नै प्रलेसबाट हट्नु हुँदैन, यो साझा मोर्चाबाट अझै पनि सांस्कृतिक आन्दोलनका एजेण्डा लैजान सकिन्छ र हामी त्यसमा प्रभावकारी भूमिका खेल्ने हैसियतमा हुन्छौं भनेर दावी पनि गरेकै हुन् ।

हामी त्यस कुरामा सहमत हुन सकेनौं । उनीहरूले त आफ्नो पार्टीले प्रलेस नछोड्ने भनेको छ पनि भनेकै हुन् । त्यस मध्य मसाल त प्रलेसमा बस्यो पनि तर ढिलै भए पनि विप्लव र कट्टेल समुहले छोडेर आए, त्यो ठिक नै भयो ।

अब के गर्ने ? यस सम्वन्धमा केही छलफल चलाउनु आवश्यक छ । त्यो भन्दा पहिला हामीले कम्युनिस्ट विचार र आन्दोलनका सन्दर्भमा केही प्रष्ट हुन जरुरी छ । मार्क्सवादले कुनै पनि वस्तु एकअर्कामा रूपान्तरण हुन्छ भन्दछ । हिजको सही बुझाई, दृष्टिकोण, विचार र व्यवहार आज गलत पनि बदलिन्छन् । हिजको गलत बुझाई, दृष्टिकोण, विचार र व्यवहार आज सहीमा पनि बदलिन्छन् बदलिएका पनि छन् । यो समय, परिस्थिति, आन्दोलन र समाजको परिवर्तनमा आउने वदलाव तथा नेताहरूमा सत्ता र शक्तिले पैदा गरेका विचार स्खलनले पार्ने प्रभाव हो ।

हाम्रा केही अग्रज भनिएका मूर्धन्य मार्क्सवादी लेखकहरूमा भन्ने बेला आफूलाई मालेमावादका ज्ञाता, प्रखर वक्ता, मार्क्सवादी सांस्कृतिक आन्दोलनका चिन्तक र सक्रिय भएको बताउँदै आफूलाई आन्दोलनका शीर्ष नेता ठान्दछन् तर व्यवहारमा अधिभूतवादी आग्रह राख्दै निषेधात्मक द्वन्द्ववाद प्रयोग गर्छन् । कसैले आफूलाई महादुश्मन भन्यो भनेर मनोगत विश्लेषण गर्दै हिँड्छन् । आफूलाई सोह्रै आना ठिक देख्ने र अरूलाई दुईआना पनि ठिक नेदेख्ने दृष्टिकोणले हामी आन्दोलनका अगुवा कसरी हुन सकौंला ? एक्लेबीर प्रवृत्तिले आन्दोलन कसरी उठाउन सकिएला ? प्रश्न अनगिन्ती उठ्न सक्छन् । कुनै कुरा पनि सापेक्ष र निरपेक्ष हुन्छ भन्ने त हामीले बुझेकै कुरा हो । सङ्घर्ष निरपेक्ष कुरा हो भने एकता सापेक्ष कुरा हो । यसैले विगतबाट शिक्षा लिएर अगाडि बढ्ने कुरा ठिक हो तर विगतलाई जडको रूपमा समातेर दूराग्रह पालेर बस्नु र मोर्चा निर्माणमा सङ्कीर्ण हुनुले आन्दोलन उठाउन र नेतृत्व गर्न किमाथ सकिँदैन । यसले फाइदा कस्लाई पुग्छ ? आलोचक मित्रहरूले बुझ्न र संयमित हुन जरुरी छ ।

प्रलेसको औचित्य त त्यतिबेलादेखि नै कमजोर बन्दै गएको थियो, जतिबेलादेखि प्रगतिवादी धाराका अहिलेको समयका पुराना पुस्ताका जिम्मेवार लेखकहरू सो सङ्गठनको नेतृत्वमा बस्न छोडे । त्यसैगरी क्षमता, योग्यता, परिपक्वता र अनुभवीहरूको नेतृत्व भन्दा दलीय भागबण्डामा औषत लेखकहरूको वर्चश्व केन्द्रीय तहमा रहन गयो । स्वतन्त्र रहेका पुराना पुस्ताका पाखा लाग्ने स्थिति बन्यो । त्यतिबेलादेखि नै प्रलेसमा सिर्जनात्मक लेखक, सर्जक भन्दा पार्टी कार्यकर्ता भरिन थालेपछि यो सङ्गठन वैचारिक रूपले कमजोर बनेको कुरा पनि त्यत्तिकै सत्य हो । त्यसैले मैले केही पुराना पुस्ताका अग्रज लेखकहरूसँग एउटा वैचारिक रूपले सांस्कृतिक आन्दोलनका विषयमा छलफल, बहस र रूपान्तरणका आन्दोलनमा केही हस्तक्षेपकारी सङ्घर्ष उठान गर्ने गरी विशेषतः प्रगतिवादी धाराको एउटा फोरम बनाउँदा राम्रो हुन्थ्यो भनेर कुराको उठान मात्र गरेको हुँ । त्यो कुरा केके भयो त्यसै सेलाएजस्तो भयो । त्यो छलफल अन्तिम निष्कर्षमा पुगेको थिएन र अमुक अमुक लेखकलाई नेता बनाएर जाऊँ भनिएको पनि थिएन । तसर्थ झस्किनु पर्ने विषय कसरी आयो ? यो त मनको बाघले आफैलाई खाएको र हिजका वादविवादलाई जडका रूपमा समातेर कसैप्रति आग्रही भएको बाहेक अरू के भन्न सकिन्छ र ?

त्यसो त हामी क्रान्तिकारी माओवादी पार्टी सम्वद्ध लेखक साहित्यकारहरू तथा विप्लव समूह र पछिल्लो समयमा प्रचण्डको पार्टीबाट अलग भएका लेखकहरूमै पनि राजनीतिक आन्दोलन, कार्यक्रम र कार्यदिशा तथा वर्तमानको राजनीतिक, आर्थिक, सामाजिक अवस्थालाई बुझ्ने सवालमा कैयौ मतभेद छन् । त्यसमा हामी प्रष्ट नै छौं । तर पनि सामन्तवादी संस्कृति, साम्राज्यवाद तथा विस्तारवादले नेपालमाथि गरेको हस्तक्षेप, सर्वहारा सांस्कृतिक क्रान्तिलाई प्रस्थानविन्दू बनाउने सवालमा हामीमा एकरूपता छन् । त्यसैले पनि संस्कृतिकर्मीहरूका बिचमा साझा मोर्चाको आवश्यकता छ । त्यसमा हामी सबैले पहल गरौं । पहलकर्ता जोसुकै हुन पनि हामी स्वतन्त्र छौं । कसैप्रति आग्रह पूर्वाग्रह राखेर पन्छिने र अरूले गर्ने कुराको पनि किनारामा बसेर आलोचना गर्नु, दुत्कार्नु र उपदेश छाँट्नुको कुनै मूल्य रहँदैन । नयाँ ढङ्गको साझा मोर्चा बनाउन पहल गर्दा आवश्यक नठान्ने र अरूलाई टाढाको देख्यो वा शत्रु देख्यो भन्नु तथ्यसङ्गत तर्क हुन्छ र ? तसर्थ हामी सबैले स्वस्थ आलोचना र आत्मालोचना सहित प्रलेस इतर सबै पक्षलाई जुटाउँ र वर्तमान सत्ता संस्कृति एवम् कथित कम्युनिस्ट सरकारको फासिवादी कदमको भण्डाफोर गर्दै समाजवादी यथार्थवादको साहित्य, कला र संस्कृतिको विकास गर्दै सर्वहारा सांस्कृतिक क्रान्तिलाई अघि बढाउन नयाँ साझा मोर्चा निर्माणमा जुटौं ।

## पाँच...

स्थापना गर्नु हो ।

तर, कहिलेकाँहीं, क्रान्तिकारीहरू नै पानीमाथि तैरिएको पानी सेंवाली (स्पाइरोगाइरा) जस्तो परिस्थितिले जता लैजान्छ, त्यतै बग्ने बनिदिंदा 'होचोको मुखमा घोचो' पर्न गइदिन्छ । यस्तो आपद्विपदबाट समयमा नै होशियार रहन विकसित परिस्थिति र अन्तरविरोधको ठीक आँकलन गरेर कार्यनीतिक स्टेपहरू चाल्न क्रान्तिकारीहरू माहिर बन्नै पर्छ ।

यसका लागि मजाक होइन, वर्गसंघर्ष, अन्तरसंघर्ष र आत्म संघर्षका कुराहरूलाई गहिरो गरी आत्मसात् गरी क्रान्तिकारी पथतिर सोझ्याउनु जरुरी छ । 'म परे मितज्युको भर, मितज्यूले पारे मुखभर' गर्नु हुँदैन । ख्यालख्यालमा स्याल पल्टन बेर पनि लाग्दैन । बेलाबेलामा टुप्लुकिने आत्मप्रचारक खुवाबदेखि हदैसम्म सावधान रहनै पर्छ ।

केवल गल्ती सच्याउने कामले मात्र गति पैदा गर्दैन । नेपालको बाह्य तथा आन्तरिक अन्तरविरोधहरू निकै विकसित भएका र भिन्नभिन्न रूप र रङमा देखा परिरहेका छन् । तदनुरूप आफूलाई 'अपडेट' गरिरहनु जरुरी छ । यसको सञ्जीवनी बुटी भनेको सामूहिकता नै हो । व्यक्ति विशेषको प्राधिकार होइन ।

## माफियाको...

आएको छ । यी सटरहरू निर्माण गरी भाडाका लागि आह्वान गरिसकिएको छ ।

रत्नपार्कको छेउँमा रहेको पुरानो बसपार्क यसअघिका सरकारी माफियाहरूले बेचेर खाइसकेका छन् । गोंगबुमा बनेको बसपार्कलाई ' नयाँ बसपार्क' र रत्नपार्कमा रहेको बसपार्कलाई 'पुरानो बसपार्क' भन्ने गरिएको थियो । तर यो पुरानो बसपार्क माफियाहरूको हातमा पुगी बाँडीचुँडी भएको वर्षौ भइसकेको छ । पुरानो बसपार्क मासेर माफिया मोटाउँदै गर्दा त्यहाँको 'बस स्ट्याड' खुलामञ्च (टुँडीखेल)मा सारिएको थियो । र, टुँडीखेलको आधा भागमा वर्षौदेखि अस्थायी बसपार्क चलाइएको छ । अहिले त आधा मात्र बाँकी रहेको उक्त खुलामञ्च पनि माफियाको चलखेलमा सुम्पिई ५२ वटा सटर बनाई निजी भाडामा दिन आह्वान गरिएको छ ।

स्थानीय जनताका अनुसार 'राष्टियकरण' गरिएका भनिएका राणा तथा राजाहरूका महल तथा जग्गाहरू यी माफियाहरूले दनादन निजीकरण गर्न सरकारी कागजहरू मिलाउने प्रक्रिया अघि बढाइरहेका छन् । माफियाकरणसँगै मालपोत कार्यालयहरू सरकार तथा सरकारी नेताहरूका घरमा रातारात चल्ने र लालपूर्जा वितरण गरिने गरिइरहेको थाह हुन आएको छ । नक्सापास, कित्ताकाट, नक्सानाप तथा पैसाको चलखेल रातारात नेता तथा विशिष्ट कर्मचारीका निवासहरूमा हुने गरिरहेको स्रोतले बताएको छ ।

यतिले मात्र नपुगी माफियाहरू सिंहदरवार परिसर र यसको क्षेत्रफल कहाँ कहाँ कटाउन र घटाउन सकिन्छ भनी प्राइवेट नापनक्सामा तल्लिन रहेको खुलासा हुन आएको छ । यी माफियाहरू स्वयम् सरकारी र उच्च ओहदाका भएका र रिपोर्ट पनि तिनीहरूलाई नै गर्नुपर्ने भएकाले यिनका सिंहदरवारभत्रका जग्गा किनबेचका कुराहरू सुनेर ड्युटीमा खटेका सुरक्षाकर्मीहरू पनि बाक्कदिक्क हुने गरेका छन् । सिंहदरवारभित्र आजभोलि सेवाग्राही जनता होइन, माफियाहरूको भेला र जमघट बढी हुने गरेको छ । स्रोतका अनुसार भूकम्पले कमजोर बनाएको बहानामा सिंहदरवारभित्रका मन्त्रालय भवनहरू अग्लाअग्ला बनाएर कम्प्लेक्सका रूपमा तीनचारवटा मन्त्रालयहरू एउटै भवनभित्र चलाउने र सिंहदरवारको परिसर निजीकरण गर्ने सल्लाहमा सरकारी माफियाहरू रातोदिन लागि परिरहेका छन् ।

भनिन्छ, माफियाहरूले यी कामहरू अबका ४ वर्षभित्र जसरी पनि फत्ते गरिने भनी जग्गा हडप्ने, नक्सा पास गर्ने, कित्ताकाट गर्ने तथा आपसमा बाँडफाँड र भागबण्डा गर्ने काममा निकै तिब्रता दिइरहेका छन् । स्थानीय जनताले अपराध अनुसन्धान व्युरोलाई यी कुराहरू समयमा नै दिलाएर सतर्क बनाएका छन् ।

तर सरकारी माफियाका विभिन्न गिरोहहरू यस अतिरिक्त सार्वजनिक संस्थानका जग्गा, सार्वजनिकस्थल, मन्दिर, गुम्बा र चैत्य, विश्व सम्पदा र पानी घाट तथा चिहानघाटहरू हेर्दै र दर्ता गर्दै, मूर्ति चोर्दै र बिक्रि गर्दै हिंडिरहेका छन् । ठमेल क्षेत्रपाटी नजिक रहेको स्मसान घाट र सार्वजनिक जग्गामा हाल 'छायाँदेवी कम्प्लेक्स' निर्माण गरी स्थानीय जनताको स्मसान घाट नै यी माफिया गिरोहले खाइसकेका छन् । देशव्यापी रहेको सरकारी माफियाको यो जालोले विदेश पठाउने नाममा मानव तस्करी गर्ने, सदरमुकाम र एयरपोर्ट निर्माण गर्ने नाममा चारकोसे लगायतका देशभरका जंगल फँडानी गर्ने, खुल्ला र सार्वजनिक जमिन बेच्ने, नदीनाला र ताल तलैया बेच्ने, जडीबुटीको तस्करी गर्ने, रक्तचन्दनको निकासी पैठारी गर्ने, सुन ओसारपसार गर्ने आदि काम गरिरहेको छ ।

यथार्थता बुझ्न र सरकारलाई रिपोर्ट गर्न गोप्य अनुसन्धानमा लागि परिरहेको नेपालको अपराध अनुसन्धान ब्युरो (सीआइबी) सरकारी मन्त्रीहरू, सरकारी कर्मचारीहरू, सरकारी मानिसहरू, सरकारी पार्टीका उच्च ओहदाका नेताहरू तथा पहुँचवाला माफिया र डनहरूको संलग्नता देखेर आश्चर्यचकित भएको छ । उसलाई ' नखाउँभने दिनभरिको सिकार खाउँभने बाबुको अनुहार' भएको छ

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
गाईघाट सम्पर्क नम्बर
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

रुद्रताल यातायात प्रा.लि.
सुमो दिवा सेवा
काठमाडौं सम्पर्क नं.
बुर्तिबाङ सम्पर्क
सेवाहरू

हिमाल-तराई यातायात सेवा समिति
टाटासुमो बोलेरो
रिजर्भ वाहिहा सम्पर्क

## आलोपालो

# पाँच पार्टी संयुक्त संघर्ष र केही विभ्रमको अन्त्य



कुमार शाह

ओली सरकारले दुईतिहाईको दम्भमा गरिरहेको देश, जनता र जनविरोधी कामका विरुद्धमा नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेकपा (ऋषि कट्टेल), नेकपा (माओवादी केन्द्र) एक भई संयुक्त संघर्ष अघि बढाउने गरी गरेको सहमति र निर्णय स्वागतयोग्य छ । क्रान्तिकारी माओवादीको पार्टी कार्यालय बुद्धनगरमा पाँच पार्टीबीच सौहार्द्रपूर्ण छलफलपश्चात् ६-बुँदे सहमति भएको प्रेसविज्ञप्ति मार्फत् प्रकाशमा आइसकेको छ ।

६ बुँदे साझा सहमतिमा 'जन्म वा वंसजका आधारमा नागरिकता वितरणमा रोक, नक्कली नक्साको खारेजी, विप्लवद्वारा नेतृत्व गरिएको नेकपामाथिको राजनीतिक प्रतिबन्धको खारेजी, वाइडबडी जहाज खरिद प्रकरणको छानबिन, बालुवाटारको सरकारी जग्गा हिनामिना गर्नेमाथि कारबाही, निर्मलापन्तको बलात्कार पश्चात भएको हत्याको निष्पक्ष छानबिन, हराएको भनिएको ३३ किलो सुनको खोजी' आदि प्रकरणबारे जनताका माझमा स्पष्ट गर्न ओली सरकारलाई कडीकडाउ गरिने भएको छ ।

यी सबैको क्रियात्मक संघर्षको अभिव्यक्तिका रूपमा बैशाख २७ गते काठमाडौंको रत्नपार्कस्थित शान्तिबाटिकामा संयुक्त विरोधसभाको आयोजना गर्ने निर्णय पनि गरिएको छ । यो निर्णयले पहिलेपहिले पनि यी पार्टीहरूबीच हुने र गरिने गरिएका केही निर्णयहरू र संघर्षका कार्यहरूको निरन्तरता जस्तो मात्र नभई केही सापेक्षिक क्रमभंगता पनि ल्याएको महसुस भएको छ ।

पहिलो कुरा, चैत्र २९ गते शुक्रवार भृकुटीमण्डपस्थित राष्ट्रिय सभागृहमा ११ विद्यार्थी संगठनहरूले गरेको संयुक्त कार्यक्रमलाई ओली सरकारविरोधी प्रतिपक्षीय वृहद् मोर्चा निर्माणको संयुक्त अभ्यास र कार्यक्रमका रूपमा अर्थ्याइयो । त्यसमा यतिसम्म पनि पनि भनियो कि मोहन वैद्य किरण र उनको पार्टी (क्रान्तिकारी माओवादी) पनि उक्त मोर्चामा सामेल हुने र ओलीको सरकार ढलाउने निर्णय गरी संघर्षका कार्यक्रमहरू समेत् सहभागी हुने भएको छ । यी र यस्ता समाचारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा निकै नै चर्चा पाए ।

मञ्चमा त यतिसम्म पनि उद्घोषण गरिएको थियो कि अब नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य किरणले मसक्क आँटेर ओली सरकार ढाल्ने योजना बनाउनु पर्छ । त्यसै दिनदेखि नै उनीहरू दुईनेताका बीचमा छलफल र सहकार्य हुनु पर्छ ।

यसले केही प्रश्नहरू कोण-प्रतिकोण दुवै तिरबाट गम्भीर रूपमा जबर्जस्त उठाएको थियो । एउटा त उक्त कार्यक्रम संयुक्त रूपमा ११ विद्यार्थी संगठनहरूको थियो र अखिल (क्रान्तिकारी) त्यो कार्यक्रमको आयोजकमा सामेल भएकाले यसको माऊ पार्टीका नेताहरू त्यहाँ बोलाइँदा मोहन वैद्य 'किरण'को उपस्थिति केही स्वभाविक पनि थियो । तर नेविसंघका माऊ पार्टीका सभापति शेरबहादुर देउवाको उपस्थितिलाई लिएर प्रतिपक्षीहरूको संयुक्त मोर्चाका रूपमा यसलाई व्याख्या विश्लेषण गरी देशविदेशमा बयानबाजी गरियो । प्रधानमन्त्री ओलीले त यो उपस्थितिलाई ओलीकै सरकार ढाल्ने 'नन्दी र भ्रिंगीहरूको जमघट' सम्मको संज्ञा दिएर सार्वजनिक रूपमै तिक्तता समेत् पनि पोखे ।

यसका पछाडि नेपालको भूराजनीतिक संवेदनशीलतामा पछिल्लो चरणमा अमेरिकाको लगभग एकलौटी वर्चस्व रहने गरी उत्पन्न हुन गएको अन्तर्राष्ट्रिय साम्राज्यवादी हैकम र त्यो पनि नेपालकै राष्ट्रिय शक्तिसन्तुलन जस्तो देखिने गरी अभिव्यक्त हुन पुगेको अन्तरविरोधले ठूलो काम गरेको छ । ओली अमेरिकाले कतै म र दाहाललाई छोडेर शेरबहादुर देउवालाई अगाडी सार्न पो लाग्यो कि त्यो पनि मोहन वैद्य 'किरण'को काँधमा बोकाएर भन्ने कुरामा निकै सशंकित देखिए पनि ।

ओलीको फासीवादउन्मुख सरकार ढाल्ने नै हो । यो दलाल, माफिया, तस्कर, गुण्डा, बिचौलिया र बलात्कारी तथा हत्याराको सरकार फ्याँक्ने नै हो । यसमा दुविधा पटक्कै छैन र रहन पनि हुँदैन । तर विजातीय तत्व, जो सारमा उही हो, उसैसँग वा उसैको अर्को रूप वा पक्षसँग सहकार्य र सहसंघर्ष गरेर वैद्य माओवादी अघि बढ्न खोज्दै छ भनेर जे प्रचार गरियो, यसका भित्रीतहमा नदेखिने ग्र्याण्ड डिजाइन लुकेको छ । विद्यार्थीहरूको सामान्य प्रचारात्मक कार्यक्रमलाई यति फरक र डरलाग्दो आवरण दिई प्रचार गरियो कि अब नेपालमा जनवादी तथा समाजवादी व्यवस्था स्थापना गर्ने र गर्न चाहने शक्ति र व्यक्तिहरू नै आजका दिनदेखि हराए, सकिए ।

यस्तो खाले प्रचारको असर अवसरवादी, सत्ताचुइँया, निम्नपुँजीवादी अधैर्यतावादी, नवप्रतिक्रियावादी तथा प्रतिक्रियावादीहरूमा केही आशाको सञ्चार गराउने गरी पर्न गएको देखियो, तर क्रान्तिकारी र उत्पीडितहरूका बीचमा स्वभाविकै रूपमा यसले थप निराशा र भ्रमले छायाँ फिँजाउन पुग्यो । यो जटिलखाले भ्रमको यथासमयमै र क्रियात्मक रूपमै जवाफ क्रान्तिकारीहरूले दिनु थियो । अहिलेको पाँच दलीय मोर्चाले यो काम गरेको छ ।

क्रान्तिकारी र अग्रगामीहरूको विकल्प भनेको ओली सरकार ढलाएर त्यसको ठाउँमा शेरबहादुर देउवा वा अन्य अमुक नेताको सरकार बनाइदिने होइन । क्रान्तिकारीहरूको विकल्प भनेको ओलीको वर्तमान फासीवादोन्मुख दलाल तथा माफियाहरूको सत्ताका ठाउँमा नयाँ जनवादी गणतन्त्र

... बाँकी ७ पेजमा


**नव वर्ष २०७६ को**

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

देवकुमार सुवेदी
नगरप्रमुख

मोहनमाया ढकाल
उपप्रमुख

**विरेन्द्रनगर नगरपालिका तथा नगरपालिका परिवार,**
सुर्खेत



**नव वर्ष २०७६ को**

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

उपेन्द्र थापा
नगरप्रमुख

**पञ्चपुरी नगरपालिका तथा नगरपालिका परिवार**
बाबियाचौर, सुर्खेत



CG

बनौं आदर्श नागरिक

वाइ वाइ

जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन्
उसलाई वाइ वाइ सलाम गर्दछ ।





**नव वर्ष २०७६ को**

उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

गगनसिंह सुनार
नगरप्रमुख

**लेकबेशी नगरपालिका परिवार**
कल्याण, सुर्खेत



**नव वर्ष २०७६ को शुभकामना**

| डा.सुमन अर्याल | डा.पारस श्रेष्ठ | डा.क्रिष्टन नाभोक श्रेष्ठ |
|---|---|---|
| एम.बी.बी.एस., एम.डी | एम.बी.बी.एस., एम.डी | एम.बी.बी.एस., एम.डी |
| नशा तथा मनोरोग विशेषज्ञ | जनरल मेडिसिन फिजिसियन | मेडिकल अन्कोलोजिष्ट |
| एनएमसी नं. ७२६५ | एनएमसी नं. ११४१० | एनएमसी नं. १८७७४ |
| (प्रत्येक महिनाको तेस्रो शनिबार) | (प्रत्येक महिनाको पहिलो शनिबार) | (प्रत्येक महिनाको पहिलो शनिबार) |

**रिमाल मेडिकल हल**
टीकापुर, कैलाली ९८६९१७६३२५/०९१-५६०३२९/९८१४६८५६५५





साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

**तौल पूर्ण, सुरक्षा सम्पूर्ण**

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोनः ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेलः metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो** : जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं